# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क १६ पूर्णाङ्क ६५ | २०७४ असोज ३० गते सोमबार | Monday, October 16, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-

## सीमा नियमन गर्न समेत मानेन भारत

काठमाडौं । नेपाल-भारत सीमा नियमन गर्न भारतले अस्वीकार गरेको छ। नेपाली प्रबुद्ध समूह (ईपीजी) का तर्फबाट सिमान नियमनका लागि पेस भएको प्रस्ताव आफूलाई मान्य नहुने भारतीय पक्षले बताएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । भारतको विदेश मन्त्रालय स्रोत उद्धृत गर्दै भारतीय दैनिक 'दि हिन्दु'ले शनिबार समाचारमा जनाएअनुसार भारत दुई देशका जनताको निर्वाध आवागमन हुनुपर्ने पक्षमा रहेको दावी गरिएको छ ।

एक साताअघि काठमाडौंमा सम्पन्न प्रबुद्ध समूहको पाँचौं बैठकमा नेपालतर्फका सदस्यले नेपाल-भारतबीच खुला सीमाबाट हुन सक्ने अवैध गतिविधि नियन्त्रण गर्न सीमा नियमन गर्नुपर्ने प्रस्ताव पेस गरेका थिए । उनीहरूले भारतसँगको सीमा बन्द गर्ने नभई नियमन गर्दा व्यावहारिक र समयानुकूल हुने प्रस्ताव अघि सारेका थिए ।

बैठकपछि पत्रकार सम्मेलनमा ईपीजीका नेपाल संयोजक डा. भेषबहादुर थापाले भारतले आफ्नो सीमातर्फ केही वर्षयता सुरक्षा जाँच ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीको राष्ट्रिय सम्मेलन सम्पन्न

# नयाँ जनवादी क्रान्तिको आम कार्यदिशा थप समृद्ध

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । असोज २२ देखि २६ गतेसम्म पोखरामा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । सम्मेलन भव्य र ऐतिहासिक रूपमा सम्पन्न भएको सम्मेलनबाट नवनिर्वाचित महासचिव मोहन वैद्य'किरण'ले बताए। सम्मेलनले नयाँ जनवादी क्रान्तिको आम कार्यदिशालाई समृद्ध पार्दै सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकताबद्ध तथा ध्रुवीकृत गर्ने दिशामा महत्वपूर्ण पहलकदमी लिन सफल भएको पनि महासचिव किरणले सम्मेलन सम्पन्न भए लगत्तै पोखरामा आयोजित पत्रकार भेटघाटमा दावी गरे ।

क्रान्तिकारी माओवादीका महासचिव किरणले २८ असोजमा जारी गरेको वक्तव्यमा सम्मेलनले दस्तावेजको समृद्धिलगायतका विषयमा गरेको महत्वपूर्ण संश्लेषण तथा निर्णयलाई सुत्रात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ,

"-सामाजिक तथा आर्थिक रूपमा नेपाल अर्ध सामन्ती, अर्ध औपनिवेशिक र मुख्यतः नवऔपनिवेशिक अवस्थामा रहेको स्वीकार्दै दलाल तथा नोकर शाही पुँजीपति एवम् सामन्त वर्ग र साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध परिलाक्षित नयाँ जनवादी क्रान्तिको आम कार्यदिशालाई थप समृद्ध तुल्याइएको छ ।

-विकसित हुँदै आएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति र राजनीतिक शक्तिहरूको




थप अध्ययन गदै दुई वा तीन दलीय सिण्डिकेट प्रणाली जन्मिएको तथा लोकतन्त्रका नाममा फासिवाद हुर्किन थालेको, कम्युनिस्ट नामधारी दक्षिणपन्थीहरूको प्रतिक्रियावादीकरण भएको र अन्तर्राष्ट्रिय रूपमा विश्वयुद्धको खतरा पैदा हुन थालेको निष्कर्ष निकालिएको छ ।

- राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका सवालहरूलाई लिई पार्टीद्वारा वर्गसंघर्ष, राष्ट्रिय मुक्ति संघर्ष तथा प्रतिरोध संघर्षलाई नयाँ ढङ्गले संगठित गर्ने र विभिन्न पक्षसित कार्यएकता गरी संघर्षलाई विकसित तुल्याउदै जाने निर्णय लिइएको छ ।

- सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउनका लागि आवश्यक पहल गर्ने नीति स्वीकार गरिएको छ ।

- मार्क्सवाद-लेनिनवाद-माओवादको पथ प्रदर्शनमा पार्टीलाई साँच्चैको सर्वहारा वर्गको अग्रदस्ता बनाउने र अनुशासित, एकताबद्ध तथा नयाँ ढङ्गको पार्टी निर्माणमा विशेष जोडदिने गरी पार्टीको विधानलाई थप समृद्ध तथा परिमार्जित गरिएको छ। विधानमा पार्टीको केन्द्रीय समितिमा महासचिवको व्यवस्था मिलाइएको छ ।

- प्रादेशिक तथा संघीय निर्वाचनमा देशभक्त गणतान्त्रिक मोर्चाका उमेदवारहरूलाई सघाई क्रान्तिकारी ढंगले उपयोगगर्ने निर्णय लिइएको छ ।

- फरक मतलाई कदर गर्दै नयाँ ढङ्गले व्यवस्थापन गर्ने र रूपान्तरणको प्रक्रियाका विचवाट अगाडि बढ्ने ठेगान गरिएको छ ।

- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका विषयमा सम्मेलनमा समसामयिक प्रस्ताव समेत पारित गरिएको छ ।"

सम्मेलनले केन्द्रीय समितिको निर्माणका लागि आवश्यक मापदण्ड सहित पूर्ण केन्द्रीय सदस्य र वैकल्पिक सदस्यको संख्या क्रमशः ७७ र १८ समेत निर्धारण गरी समग्रमा ९५ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ भने पार्टी महासचिवमा मोहन वैद्य'किरण'लाई निर्वाचित गरेको छ ।

आइतबार पार्टी ...बाँकी ६ पेजमा

## एमाले-माके गठबन्धन 'प्रतिक्रियावादी' : किरण




● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले एमाले र माकेबीचको गठबन्धन वामपन्थी नभएर प्रतिक्रियावादी भएको टिप्पणी गरेका छन् । महासचिव किरणले एमाले-माओवादी र कांग्रेस-राप्रपा राजनीतिक र वर्गीय हिसाबले फरक नरहेको पनि स्पष्ट पारे । पार्टी कार्यालयमा आइतबार गरिएको पत्रकार भेटघाटमा पत्रकारहरूले सोधेको प्रश्नको जवाफ दिँदै महासचिव किरणले भने, "मात्रात्मक रूपमा तलमाथि देखिए पनि माओवादी, एमाले, कांग्रेस र राप्रपा राजनीतिक र वर्गीय रूपमा एउटै हुन् ।"

**क्रान्तिकारी कम्युनिष्ट बीच एकतामा जोड**

महासचिव किरणले प्रथम राष्ट्रिय सम्मेलनले क्रान्तिकारी कम्युनिष्टहरूलाई एकताबद्ध गर्ने निर्णय गरेको भन्दै प्रयास सुरु गरिएको पनि बताए। प्रगतिशील र क्रान्तिकारीहरूबीच एकता गर्ने निर्णय स्वरूप नेकपा (मसाल), विप्लव नेतृत्वको नेकपा र ऋषि कट्टेल नेतृत्वको नेकपासँग पहल गरिएको जानकारी दिए । चाहेर नचाहेर पनि क्रान्तिकारीहरूबीचको एकता वा ध्रुवीकरण वाध्यात्मक बनेर गएको महासचिव किरणको विश्लेषण छ ।

भण्डाफोरका निम्ति चुनावको उपयोग

वर्तमान संसदीय व्यवस्थामा आधारित प्रतिक्रियावादी निर्वाचन र संसद संगुरको खोर रहेको विश्लेषण गर्दै यही सत्ता, व्यवस्था र संविधानको भण्डाफोर गर्न र संगठन निर्माणको आधार तयार पार्न पार्टीको वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल मार्फत् निर्वाचनको उपयोग गर्ने नीति लिएको पनि महासचिव किरणले बताए ।

## 'मुठ्ठी' चिन्ह लिएर चुनावी मैदानमा उत्रदैं देजमोका नेताहरू





काठमाडौं । वर्तमान संसदीय व्यवस्थामा आधारित प्रतिक्रियावादी सत्ता र संविधानको भण्डाफोर गर्दै नयाँ जनवादी क्रान्तिको तयारीका लागि सांगठानिक आधार निर्माण गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखेर निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएको नेकपा (क्रान्तिकारी माओवादी)को वैधानिक राजनीतिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका नेताहरू दलीय हैसियतमा 'मुठ्ठी' चिन्ह लिएर चुनावी मैदानमा उत्रिने भएका छन् ।

पार्टीको पोखरामा सम्पन्न राष्ट्रिय सम्मेलनले निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिलाई निरन्तरता दिएपछि देजमोका नेताहरू चुनावी मैदानमा उत्रने तयारीमा लागेका छन् । स्थानीय तहको निर्वाचनमा माथिल्लो तहका नेताहरूले उम्मेदवारी नदिंदा र योजनाबद्ध परिचालन हुन नसक्दा प्रतिक्रियावादी व्यवस्था, सत्ता र संविधानको भण्डाफोर गर्न नसकिएको विश्लेषण गर्दै देजमोले प्रदेश र प्रतिनिधि सभाको निर्वाचनमा भने देजमोका पदाधिकारीहरूलगायतकानेताहरूले समेत उम्मेदवारी दिने तयारी गरेको मोर्चाका कार्यालय सचिव ह रि क ृ ष ण । ...बाँकी ७ पेजमा

## नेपाल प्रहरीको टोपीमा भारतीय झण्डा !

काठमाडौं । नेपाल प्रहरीले लगाउने टोपीमा भारतको झण्डा भेटिएको छ । प्रहरीले लगाएका टोपीमा भारतको राष्ट्रिय झण्डा 'तिरंगा', 'मेरा भारत महान, सारे जहाँ से अच्छा हिन्दुस्तान हमारा' लेखिएका थुप्रै संकेत भेटिएका छन् । ती संकेत टोपीको भित्रपट्टी राखिएका छन् । अझ कतिपय टोपीमा भेडाको चित्रसमेत उल्लेख गरेको पाइएको पत्रपत्रिकाले लेखेका छन् ।

नेपाली स्वाभिमानमाथि नै आँच आउने खालका यस्ता टोपी सुरक्षाकर्मीले वर्षौंदेखि प्रयोग गर्दै आएका छन् । संगठनको तल्लो तहका जवान मात्रै हैन प्रहरी अधिकृतले लगाएको टोपीमा समेत यस्ता संकेत भेटिएका छन् । एकजना प्रहरी अधिकृतले लगाएको टोपीमा




भारतीय झण्डा र 'सारे जहाँ से अच्छा हिन्दुस्तान हमारा' लेखिएको पाइएको छ। पूरानो भएकाले भारतीय झण्डा भने स्पष्ट चिनिदैंन । उनले लामो समयदेखि सोही टोपी प्रयोग गर्दै आइरहेको बताए ।

केही समयअघि ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीको राष्ट्रिय सम्मेलन

माओवादी आन्दोलनलाई सदाका लागि उठ्नै नदिने गरी चोतर्फी(आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक) रूपले विघटन गराउने कसरतमा लागेका यो आन्दोलनका भुतपूर्व नायकहरू प्रचण्ड र बाबुरामको दक्षिणपन्थी दौड एमालेमा उनीहरूको बिलयसंगै विराम लागेको छ । प्रचण्डको माओवादी जनयुद्धसितको सम्वन्ध अब त्यही अवस्थामा जाने छ, जुन अवस्थामा एक समयका झापा आन्दोलनका भुतपूर्व नायकहरू-केपी ओली, झलनाथ खनाल, माधव नेपालको

*सिद्धान्त, विचार र संगठनका हिसावले प्रचण्ड र बाबुरामको दक्षिणपन्थी डौड अब एमालेमा विराम लाग्ने अवस्थामा पुगेको देखिन्छ । किनभने नेपाली कम्युनिष्ट आन्दोलनको दक्षिणपन्थी धाराको उच्चतम विन्दु एमालेको बहुदलीय जनवाद हो, जो अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा ख्रुश्चेभको बदनाम शान्तिपूर्ण संक्रमण हो ।*



● **हुकुमबहादुर सिंह**

जन्मदाता बर्नस्टिन र पछिल्लो अवस्थामा आएर टिटो, ख्रुश्चेभ, दस्तावेजबाट माओवाद हटाएका छन् । तै पनि विप्लव क्रान्तिका लागि अझै चिन्तीत देखिन्छन् भन्ने भ्रम अझै छ । यहाँ भ्रम किन भनेको हो भने उनले मार्क्सवादको नयाँ विकास गर्ने 'महान् अभियान'मा आफू लागेको बताएका छन् र त्यसक्रममा उनी मार्क्सवाद-लेनिनवाद-माओवादबाट कहाँनेर कहिले चिप्लीने हुन् हेर्न केही समय लाग्ने छ । वैज्ञानिक समाजवाद, उत्तर साम्राज्यवाद, विश्वमा अझै पनि समाजवादी देशहरू विद्यमान रहेको(उत्तर कोरिया, चीन, क्युवाआदि), आरसिपि अमेरिकीका अध्यक्ष बब एभाकियन सही रहेकोजस्ता दिगभ्रमित विचारहरू उनमा रहेका छन् । ...बाँकी ७ पेजमा

## सम्पादकीय

# क्रान्तिकारी माओवादीको राष्ट्रिय सम्मेलनको ऐतिहासिकता

सिंगो नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारको नेतृत्व गर्दै आएको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को प्रथम राष्ट्रिय सम्मेलन (असोज २२ देखि २६ सम्म) ऐतिहासिक रूपमा सम्पन्न भएको छ । सम्मेलन नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई समृद्ध पार्न सफल भएको क्रान्तिकारी माओवादीले संश्लेषण गरेको छ ।

सम्मेलनले नेपाली समाज अहिले पनि अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहेको अर्थात् नयाँ जनवादी क्रान्तिको चरणमा रहेको विश्लेषण गरेको छ भने क्रान्तिका दुई मोडल दीर्घकालीन जनयुद्ध र आम सशस्त्र विद्रोहमध्ये सूचना प्रविधिले नेपाली जनजीवनमा ल्याएको फेरबदललगायतका विशेषताहरूलाई पकड्दै क्रान्तिका सबै मोडलहरूको प्रयोग गरेर जान ढोका खुल्ला गरेको छ । विश्व कम्युनिष्ट आन्दोलनको अनुभव र नेपाली कम्युनिष्ट आन्दोलनको आफ्नै अनुभवबाट पाठ सिकेर नेपाली विशिष्टतामा आधारित भएर क्रान्तिको मोडल प्रयोग गर्दै जाँदा नयाँ मोडलको विकास गर्न सकिने पनि सम्मेलनले निचोड निकालेको छ ।

सम्मेलनले तत्कालीन कार्यनीतिको सवालमा निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिलाई निरन्तरता दिएको छ । निर्वाचन बहिस्कार भन्दा उपयोग गरेर जाँदा तुलनात्मक रूपमा प्रतिक्रियावादी संसदीय व्यवस्था, सत्ता र संविधानको प्रभावकारी रूपमा जनतामा गएर भण्डाफोर गर्न सकिने, संगठन निर्माणको आधार निर्माण गर्न सकिने र सिंगो पार्टी पंक्तिलाई गतिशिल रूपमा परिचालन गर्न सकिने विश्लेषण गरेको छ ।

क्रान्तिका निम्ति क्रान्तिकारी पार्टी निर्माणको अनिवार्यतालाई सम्मेलनले ठीक ढंगले पकडेको छ । पार्टीको सर्वोच्च निकाय केन्द्रीय समिति निर्माणका सम्बन्धमा पूर्णकालीन हुनुपर्ने, सैद्धान्तिक, वैचारिक र सांगठानिक रूपमा प्रष्टता भएको हुनुपर्ने, कम्तिमा विगत दशवर्षदेखि कम्युनिष्ट आन्दोलनमा निरन्तर क्रियाशिल भएको हुनुपर्ने, साम्राज्यवादी, विस्तारवादी तथा प्रतिक्रियावादीको लगानीमा रहेका एनजिओ, आइएनजिओमा बसेर काम गरेको हुन नहुने, खटाएको ठाउँमा जहाँ पनि जान तयार हुनुपर्ने आदि लगायतका पाँचवटा मापदण्ड सम्मेलनले पारित गरेको छ । सम्मेलनबाट निर्वाचित पूर्ण केन्द्रीय सदस्यहरूको हकमा मापदण्ड लागू गर्ने सवालमा ६ महिनाको समयावधि पनि प्रदान गरेको छ ।

कम्युनिष्ट मूल्य, मान्यता, आदर्शलाई लत्याउँदै प्रतिक्रियावादी संसदीय व्यवस्थाका मतियार र वैदेशिक प्रतिक्रियावादका दलालकको रूपमा परिणत भएका दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादीहरूले निर्माण गरेको एमाले नेतृत्वको कथित बामपन्थी गठबन्धन र कांग्रेस नेतृत्वको कथित प्रजातान्त्रिक गठबन्धनको भ्रमलाई चिर्न र सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूबीचको एकता तथा ध्रुवीकरण निर्माण गर्ने दिशामा पनि सम्मेलनले महत्वपूर्ण समझदारी बनाएको छ । आफ्नो आन्तरिक एकतालाई मुजबुत बनाउँदै मोहन विक्रम सिंह नेतृत्वको नेकपा (मसाल), नेत्रविक्रम चन्द' विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी र ऋषि कट्टेल नेतृत्वको नेकपाबीच पार्टी एकता तथा ध्रुवीकरणका लागि सम्मेलनले मार्ग प्रशस्त गरेको छ र एक कदम अगाडि बढेर पहलकदमी पनि लिएको छ । सम्मेलनको उद्घाटन सत्रमा यी तीनवटै पार्टीका नेताहरूको उपस्थिति र उनीहरूले पार्टी एकता तथा ध्रुवीकरणको पक्षमा राखेको विचारले यसलाई पुष्टि गरेको छ ।

दशवर्ष लामो जनयुद्धको नेतृत्व गरेर आएको तत्कालीन नेकपा (माओवादी)को मुख्य नेतृत्वमा रहेका प्रचण्ड-बाबुरामहरूले धोका दिंदा र गद्दारी गर्दा रणनीतिक प्रत्याक्रमणको दोस्रो चरणसम्म पुगेको नेपाली नयाँ जनवादी क्रान्तिले सेटब्याक खान पुग्यो । क्रान्ति रक्षात्मक चरणमा धकेलियो । चौतर्फी रूपमा प्रतिक्रियावादी, संशोधनवादी र अवसरवादीहरूको ठूलै हावाहुरी चलिरहेको अवस्थामा मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले फेरि नयाँ जनवादी क्रान्तिको तयारीलाई सापेक्षिक रूपमा अगाडि बढाउन खोजेको छ र त्यसै उद्देश्यलाई केन्द्रविन्दुमा राखेर ऐतिहासिक रूपमा प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ। नयाँ जनवादी क्रान्तिका पक्षधर सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू, देशभक्त तथा आमूल परिवर्तनमा पक्षधर जनसमुदायका लागि यो खुशीको कुरा हो। यस दृष्टिबाट क्रान्तिकारी माओवादीको सम्पन्न राष्ट्रिय सम्मेलनको ऐतिहासिकताको बोध सबै सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूले गर्न जरुरी छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# कथित वामध्रुवीकरण र क्रान्तिका चुनौतीहरू


● इन्द्रमोहन सिग्देल 'बसन्त' ●

नेपाली कम्युनिस्ट आन्दोलनको ईतिहासमा यही २०७४ आश्विन १७ गते एउटा उल्लेखनीय राजनीतिक घटना घटेको छ । यसमा सामेल भएका पक्षहरूले यसलाई बृहत वामध्रुवीकरणको नाम दिएका छन् । नेकपा (एमाले), नेकपा (माके) र नयाँ शक्ति पार्टी नेपालका बीचमा पार्टी एकताका निमित्त ८ सदस्यीय पार्टी एकता संयोजन समिती निर्माण गर्ने, पुष्पकमल दाहाल र केपी ओली प्रमूख नेताका रूपमा रहने र संयोजन समितीले सहमतिका आधारमा निर्णय लिने कुरा उक्त तीन पार्टीहरूले तयार पारेको ६-बुंदे सहमति पत्रमार्फत संयुक्त पत्रकार सम्मेलनमा सार्बजनिक गरिएको छ। संयोजन समितीमा एमालेका तर्फबाट केपी ओली, माधव कुमार नेपाल, झलनाथ खनाल र बामदेव गौतम, नेकपा माकेको तर्फबाट पुष्पकमल दाहाल, नारायणकाजी श्रेष्ठ र रामबहादुर थापा र नयाँ शक्ति पार्टी नेपालबाट बाबुराम भट्टराई रहेको समाचार हिजो आजका पत्रिकाले प्रकासित गरेका छन् ।

यस परिघटनापछि सामान्यतः नेपालको समग्र राजनीति र विशेषतः नेपालको वाम राजनीतिक बृत्तमा एउटा तरङ्ग पैदा भएको छ । यसबाट अनेक प्रश्नहरू पनि उब्जिएका छन् । यो लेख यसैको सेरोफेरोमा केन्द्रित रहने छ। तर, यो छोटो लेखमा ती सबै प्रश्नको विस्तृत जवाफ समेट्न संभव छैन । यो लेख मूख्यतः हिजो दुई विपरित ध्रुवमा उभिएका माके र एमालेका बीचमा आज कसरी पार्टी एकता संभव हुन गयो, यसले नेपालको कम्युनिस्ट आन्दोलनमा के कस्ता चुनौती र संभावना लिएर आएको छ र यो स्थितिमा एउटा सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीको आगामी कार्यभार के हुनु पर्छ भन्ने विषयमा केन्द्रित रहने छ ।

ईतिहास तिर फर्केर हेर्दा नेकपा (माओवादी) र नेकपा (एमाले) विपरित ध्रुवमा उभिएका दुई अलग-अलग कम्युनिस्ट पार्टीहरू थिए । जनयुद्धको थालनी भन्दा केही अगाडि २०५२मा आयोजित नेकपा (माओवादी)को राष्ट्रिय सम्मेलनले नेकपा (एमाले)लाई प्रतिक्रियावादी पार्टी घोषणा गरेको थियो। त्यतिबेला एमाले सामन्तवाद र साम्राज्यवादको प्रतिनिधित्व गर्ने प्रतिक्रियावादी सत्ताको रक्षकका हैसियतमा र तात्कालिन माओवादी उक्त सत्तालाई ध्वंश गरेर नेपालमा नयाँ जनवादी सत्ता निर्माण गर्दै समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्ने क्रान्तिकारी अभियानमा क्रियाशील थिए । जनयुद्धको प्रक्रियामा नेकपा एमालेले तात्कालिन नेकपा (माओवादी)लाई आतंकवादी समूह मानेको थियो । तर आज नेकपा एमाले र माओवादी केन्द्र एउटै पार्टी निर्माण गर्ने विन्दुमा आईपुगेका छन् । यो एकता आज एकाएक कसरी संभव भयो ? यो एउटा अहं वैचारिक तथा राजनैतिक प्रश्न बनेर खडा भएको छ ।

माके र एमालेका बीचमा पार्टी एकता हुनका लागि, निम्नलिखित तीनवटा मध्ये कुनै एउटा स्थितिको निर्माण हुनु अनिवार्य थियो । एक, एमाले माओवादीको ठाउंमा आईपुगेको हुनु, दुई दुबैले आ–आफ्ना पुराना अडानलाई छाडेर अहिले एउटै ठाउंमा आईपुगेको हुनु र तीन माओवादी केन्द्र एमालेको ठाउंमा पुगेको हुनु। यहाँ सबैले स्पष्ट बुझेको कुरा के हो भने, एमाले हिजो पनि संसदवादी प्रतिक्रियावादी पार्टी थियो र आज पनि त्यही छ । उसले हिजोको आफ्नो वैचारिक तथा राजनीतिक अडानमा कुनै परिवर्तन गरेको छैन । तर अहिले यी दुई पार्टीका बीचमा पार्टी एकता तात्कालिक एजेण्डा बन्न गएको छ। यसको अर्थ स्पष्ट छ, यो पार्टी एकता माओवादी केन्द्र एमालेकरण हुनुको परिणाम हो । अर्थात्, अर्को शव्दमा माओवादी केन्द्र एमालेको ठाउंमा आईपुगेर यो एकता संभव भएको हो । अरु केही पनि होईन ।

एउटा प्रश्न उठ्छ, के माओवादी केन्द्रको एमालेकरण अहिले मात्र भएको हो त ? होईन, यो प्रक्रिया पहिल्यैदेखि सुरु भैसकेको थियो, अहिले आएर त्यो प्रकट भएको मात्र हो । जुन दिनदेखि तात्कालिन माओवादीले एक्काईसौ शताव्दीको जनवाद भन्ने राजनीतिक प्रस्ताव पारित गरेको थियो त्यही प्रस्तावमा माओवादीको एमालेकरण हुने विचारको भ्रूण लुकेको थियो । चुनवाङ्ग बैठकको निर्णयले त्यसलाई स्पष्ट राजनीतिक रूप प्रदान गऱ्यो । पछि संविधान सभाको चुनाव, लोकतान्त्रिक गणतन्त्र र १२-बुंदे समझदारीले माओवादीको एमालेकरण हुने प्रक्रियामा एक-एकवटा ईट्टा थप्दै जाने काम गरे । बृहत शान्ति-संझौता, जनयुद्ध समाप्त भएको घोषणा, जनसत्ताको विघटन, जनसेनाको निरस्त्रीकरण, जनमुक्ति सेनाको नेपाली सेनामा विलय र अन्तमा दोस्रो संविधान सभाबाट प्रतिक्रियावादी संविधान निर्माण हुने विन्दुसम्म आईपुग्दा वैचारिक र राजनीतिक हिसाबले माओवादीको एमालेकरण हुने प्रक्रिया सारतः पुरा भैसकेको थियो । केबल नाममा मात्र माके र एमाले नामका दुई भिन्न पार्टी अस्तित्वमा रहेका थिए ।

यही आश्विन १७ गते माके र एमालेका बीचमा पार्टी एकता संयोजन समितीको निर्माण भएको छ । प्रेस सम्मेलनका बेलामा बाबुरामले भने जस्तै यो एकता आवश्यकता र आकस्मिकताको अनिवार्य परिणाम हो र प्रचण्डले भने जस्तै निरन्तरतामा क्रमभंग पनि हो । मार्क्सवादी दर्शनको भाषामा यो पार्टी एकता एक्काईसौं शताव्दीको जनवाददेखि तात्कालिन (माओवादी)ले एमालेकरण हुन सुरगरेको मात्रात्मक परिवर्तनको प्रक्रियाले गुणमा हानेको छलाङ्गको अभिव्यक्ति हो । यहाँसम्म आईपुग्दा माओवादीको एमालेकरण हुने प्रक्रियाको अन्त भएको छ र माके तथा एमालेका बीचमा पार्टी एकताका लागि होईन माकेको एमालेमा हुने विलयका लागि बाटो खुलेको छ। साथै यसले संशोधनवाद भनेको अन्ततः प्रतिक्रियावाद हो भन्ने अध्यक्ष माओको भनाईलाई पनि पुनः पुष्टि गरेको छ ।

एउटा क्रान्तिकारी ईतिहास बोकेको पार्टी प्रतिक्रियावादी पार्टीमा विलय हुनु भनेको पक्कै पनि राम्रो कुरा होईन । तर, यो निर्णयले माओवादी केन्द्रले हिजो गरेको त्याग र वलिदानको व्याज स्वरूप ईमान्दार कार्यकर्ता र जनतालाई भ्रम दिने स्थितिको भने अन्त गरेर तिनलाई क्रान्तिको प्रक्रियामा लाग्ने बाटो खोलिदिएको छ । यस अर्थमा भने यो एकता प्रक्रियाले सकारात्मक अर्थ राख्दछ ।

पार्टी एकता संयोजन समितीको निर्माणपछि देशमा दुई थरी तरङ्गहरू देखा परेका छन् । प्रतिक्रियावादी सत्ताको स्वाद चाख्न पल्केका दक्षिणपंथी र अवसरवादी तत्वहरू चुनावी तालमेल र पार्टी एकता हुने कुराले निकै उत्साहित देखिएका छन् । अन्य पार्टीमा रहेका दक्षिणपंथी तत्वहरूलाई पनि यो एकताले आकर्षित गर्ने संभावना बढेको छ। विश्व कम्युनिस्ट आन्दोलन र नेपाली कम्युनिस्ट आन्दोलनमा पनि दक्षिणपंथी अवसरवाद प्रमूख खतरा रहेको बेलामा अगाडि आएको कथित वामध्रुवीकरण अभियान अवसरवादीका निमित अनुकुल र क्रान्तिकारीका निम्ति प्रतिकुल स्थिति हो । यसरी आउने दिनमा नेपालमा दक्षिणपंथी हावाको खतरा अरु बढ्ने संभावना छ। यो क्रान्तिकारीहरूका लागि एउटा गंभीर चुनौती हो ।

अर्कोतिर, मार्क्सवादको सान्दर्भिकता सकियो भन्ने उत्तर-मार्क्सवादी डाक्टर बाबुराम भट्टराईको नेतृत्वमा गैर कम्युनिस्ट नोकरशाहहरूलाई समेटेर निर्माण गरिएको नयाँ शक्ति जस्तो ठिमाहा पार्टी पनि यो एकता प्रक्रियामा समाबेश भएको छ। यो स्थितिमा नाम जे सुकै राखे पनि भोली एकता प्रक्रियाबाट जन्मिने पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी बन्न सक्दैन भन्ने कुरामा कुनै शंका छैन। त्यसमाथि प्रेस सम्मेलनमा बोल्दा प्रचण्डले सो एकता कम्युनिस्टहरूको बीचमा मात्र सिमित नभएर लोकतान्त्रिक शक्तिहरूसम्म पनि पुग्न सक्ने कुरा गरिसकेका छन् । नेपाल कम्युनिस्टहरूका लागि एउटा उर्वर भूमी हो र नेपाली जनताले सधै क्रान्ति र परिवर्तनको पक्षमा साथ दिंदै आएका छन् । एकता प्रक्रियाबाट ...*बाँकी ७ पेजमा*

## झर्रोटर्रो

कैलुब्राह

# नेकपा (साठी-चालिस)

नेपाल मण्डलका ठूला भनिएका कम्युनिस्ट दलहरूले एउटै कम्युनिस्ट दल बनाउने निधो गरे । केही महिना अगाडि सम्पन्न भएको स्थानीय तहको चुनाउमा पहिलो दल बनेको नेकपा सूर्यछाप र तेस्रो बनेको नेकपा गोलघेरेका बिचमा दल एकता गर्ने सहमति भयो । उक्त सहमति ती दुबै दलका लाउकेहरू उखानप्रसाद र मिस्टर सुप्रिमोले गरे । स्थानीय चुनाउका मितिसम्म जारभतार जस्तो व्यवहार गरेका दलहरू एकाएक आकासै खसेजस्तो गरी मितेर सम्वन्धमा गाँसिए र दल एकता गर्ने निधोमा पुगे । दाइ काले म पनि काले, कालेकाले मिलेर खाऊँ भाले । यसलाई मिस्टर सुप्रिमोले निरन्तरतामा क्रमभङ्ग भनेर सुप्रिमोपथको परिभाषालले ड्याम्म लाहाछाप हाने । अगाडितिरको यात्रा भए पनि पछाडितिरको यात्रा भए पनि क्रमभङ्ग त भएकै हो । निरन्तर एउटै बाटोमा हिंड्ने उनको रुची नै हुँदैन र छैन। कहिले दायाँ कहिले बायाँ क्रमभङ्ग गरिहाल्छन् । यो उनको मार्क्सवादी प्रयोग हो। आफ्नो सोऱ्याक अनुसार क्रमभङ्ग गर्ने ।

हिज जनयुद्ध सुरु गर्नेबेला उनले नेकपा सूर्यछापलाई प्रतिक्रियावादी भनेर लाहाछाप लगा'थे । ऊ त्यसयता निरन्तर एउटै बाटोमा हिंडेको छ। अहिले पनि आफ्नो बाटोमा ऊ टसको मस छैन । तर मिस्टर सुप्रिमोले त्यतिबेला संसदलाई सुँगुरको खोर भने र संसदीय व्यवस्थालाई कुकुरको मासु बेच्ने काइदाको पसल भनेर त्यसबाट क्रमभङ्ग गर्दै जनयुद्धमा हाम्फाले । त्यसपछि क्रमभङ्ग गरेको गऱ्यै गरेर दस बर्स जनयुद्ध चलाए । त्यहाँ पनि टाइम टाइममा क्रमभङ्ग गरिराखे । कसैलाई लिनप्याओवादी भनेर कसैलाई भारतीय दलाल भनेर कसैलाई उग्रवादी भनेर कारवाही गर्दै क्रमभङ्ग गरे। केन्दीय समितिमा बढुवा गर्ने पुरानो तरिकामा पनि क्रमभङ्ग गरेर नयाँ नयाँ तरिका लागू गरे । आफ्ना हनुमान हुने खालकालाई जिल्लातहबाटै चिलले चल्ला टिपेझैँ ट्याप्प ट्याप्प टिपेर माथि ल्याए, माथि भएकालाई तल झारे । यसरी क्रमभङ्ग गरिराखे । आफू गुजराती भैयूयाको हिन्दूस्तानी मुलुकका ठूलाठूला सहरमा क्रमभङ्ग गर्दै बसे र यता जनयुद्धमा ठूलाठूला फौजी कारबाही गर्न अह्रनखटन गरे । उतै बसेका बेला पञ्जाबी भैयूयाले क्रमभङ्ग गर्दै नेतालाई समाउँदै झ्यालखानामा कोच्दै गर्न थालेपछि मिस्टर सुप्रिमो थुरथुर काँप्दै कट्टुमा तुर्क्याउँदै क्रमभङ्ग गरे र आफ्नै मुलुकतिर छिरे । भित्र छिर्न मात्रै के पा'थे नारानहिटीका बाबुसावले क्रमभङ्ग गरेर ठोकी हाले । त्यसपछि फेरि पञ्जाबी भैयूयालाई बिन्तभाउ गर्दै आफैँले शत्रु भनेका चारतारे र सूर्यछापलाई पञ्जाबी भैयूयाका मुकामतिर बोलाएर निरन्तरतामा क्रमभङ्ग गर्दै मितेरी गाँसे र छलाङ हाने ।

सत्ता नल्याइकन हतियार नबिसाउने भन्दै जनयुद्ध लडेका मिस्टर सुप्रिमोले सातसमुन्द्र पारीका खैरे कुइरेलाई बोलाएर जमुसेलाई उनैका जिम्मा लाइदिए । ब्यारेकमा बसेका जमुसेलाई सरकारी ढुकुटीबाट पैसा झिकाएर ठुसठुसी गन्हाउने गरी डकार्न लगाएर क्रमभङ्ग गरे। कमाण्डरलाई पैसाले किनेर उनीहरूलाई दलाली र तस्करी गर्न सिकाएर क्रमभङ्ग गरे । अहिले आएर जनयुद्धलाई टुकुचामा सेलाएर बुर्जुवा संविधान बनाउँदै क्रमभङ्ग गरेर जनवादको घोषणा गरे। अबको क्रमभङ्गले त दस बर्समा साम्यवादै ल्याउने उनको घोषणा छ ।

यतिखेर नेकपा सूर्यछाप र नेकपा गोलघेरेका बिचमा एकताको न्वारान गरेर नेकपा (साठी-चालिस) मा क्रमभङ्ग भएको छ। एकतामा आएको अर्को गोरखाली डाक्सावको दल नयाँशक्तिले भागबण्डा नमिलेपछि फेरि क्रमभङ्ग गर्दै ठुस्किएर अलग बाटो तताए । यसले सुप्रिमोलाई हाइसन्च भयो । उनलाई चालिसे भाग पक्का भयो। अब यो साठी-चालिस मिस्टर सुप्रिमो र उखानप्रसादको अस्तित्व रहँदासम्म लागू हुने छ। जसरी चारतारे दलमा यो नियम लागू छ।

अब सुप्रिमो र उखानप्रसाद एउटै भएपछि दल त एउटै भैगयो । गुट भने स्थायी रूपले आआफ्नै हुने छन् । तिनै गुटमा साठी-चालिसे बिलोको नीति लागू हुने छ । अहिले यो नियम चुनाउको सिट बाँडफाँडमा लागू हुने छ । पछि सरकार बनाउँदा, दलका अधिवेसनमा नेता छान्दा यहि सूत्र अनुसार छानिने छन् । सुप्रिमो गुटले चालिसे बिलो र उखानप्रसाद गुटले साठीको बिलो सदासर्वदा पाउने छन् । त्यसैले यो दलको नाम पनि एकतापछि नेकपा साठी-चालिस हुने छ । यसरी हरेक क्षेत्रमा साठी-चालिसको बिलो छुट्याएपछि आआफ्ना गुटतर्फका उपगुटमा बिलो छुट्याउँदै जानुपर्ने छ । उता उखानेतिरका उपगुटमा इलामे पूर्व प्रम, रौतहटे पूर्व प्रम, प्युठाने उपप्रम आदि उपगुटतर्फ साठीको बिलो बाँडिने छ भने यता सुप्रिमोतिरका काजीसाप, लिनप्याओवादी, नयाँ शक्तिवाला, मधेशी, जनजाति आदि इत्यादि उपगुटमा चालिसको बिलो बाँडिने छ। यसरी नेपाल मण्डलमा जनवाद र समाजवाद पूरा हुने छ र मिस्टर सुप्रिमोले नेपालगञ्जबाट घोषणा गरेको साम्यवादतिर क्रमभङ्ग हुने छ । यो हो अहिलेको नयाँ र विकसित एवम् पृथ्वी मण्डलकै उच्च ठाउँबाट उदाएको मार्क्सवाद । मार्क्सले पृथ्वी मण्डलमै समाजवाद आएपछि साम्यवादमा पुग्ने कुरो गरेका थिए। त्यो बासी र जड्वत सिद्धान्त भएकाले उनले भनेको साम्यवाद नआउने कुरा पक्का छ । त्यसैले साम्यवाद पनि नयाँ प्रकारको हुने भएको छ । यो हो सुप्रिमोपथको नयाँ आविष्कार । एउटै मुलुकको पनि एउटै दलको पनि निश्चित लाउकेहरूका घरमा आउने साम्यवाद ।

यसरी क्रमभङ्ग हुँदै छलाङ मारेर आएको साम्यवादले पुराना विचार विस्थापन गरेर अब सुप्रिमोवादमा पुग्ने छ । मार्क्सवादका तीन सङ्घटक अङ्ग जस्तै सुप्रिमोवादका पनि छन् । सुप्रिमोवादको दर्शन भनेको छलाङको दर्शन हो । यसले जतातिर पनि छलाङ हान्न सिकाउँछ । क्रान्तिकारी धारबाट प्रतिक्रियावादी धारमा छलाङ । वामबाट दक्षिणमा छलाङ । दक्षिणबाट पश्चिममा छलाङ । त्यसपछि साम्राज्यवाद र विस्तारवादको टाङ मुनि छलाङ। यो हो सुप्रिमो दर्शन । त्यस्तै राजनीतिक अर्थशास्त्रको छेत्रमा सुप्रिमोपथले गरेको विकास दलाली अर्थशास्त्र हो भने समाजवादको क्षेत्रमा गरेको विकास भनेको एउटै देशको एउटै दलको निश्चि लाउकेहरूका घरघरमा आउने साम्यवाद। उनले अब नेपाल मण्डलमा दस बर्समै साम्यवाद आउने घोषणा गरिसकेका छन्। जय सुप्रिमोवाद।

*२९ असोज २०७४*

*kailubraha73@gmail.com*

# देशको अर्धसामन्ती तथा नवऔपनिवेशिक अवस्था र प्रधान अन्तर्विरोधको प्रश्न

नेपाल लामो समयदेखि अर्धसामन्ती र अर्धऔपनिवेशिक स्थितिबाट गुज्रँदै आइरहेको अवस्थामा केही फेरबदल भएको छ। परम्परागत रूपले सामन्तवादको नेतृत्व मूलतः राजतन्त्रले र अर्ध औपनिवेशिक अवस्थाको नेतृत्व भारतीय विस्तारवादका एकाधिकार तथा दलाल पुँजीपति वर्गले गर्दै आइरहेको अवस्थामा केही परिवर्तन आएको छ। राजतन्त्रको अन्त्य पश्चात सामन्तवादको मूल राजनीतिक नेतृत्व विस्थापित भएता पनि सामन्तवादका राजनीतिक, आर्थिक तथा साँस्कृतिक आधारहरू भने अझै बाँकी छन् । राजतन्त्रको अन्त्य पश्चात् राज्यसत्ता भारतीय विस्तारवादका दलाल, एकाधिकार तथा नोकरशाह र जमिनदार पुँजीपतिवर्गको हातमा केन्द्रित हुन पुगेको छ। मुख्यतः राजनीतिक रूपले साम्राज्यवादी वा विस्तारवादी शक्तिको दलालको हातमा राज्यसत्ता पुग्नु नै नवऔपनिवेशिकरणको अभिव्यक्ति हो । फलतः त्यसदेखियताको आन्तरिक राजनीतिक मामिलाहरूमा साम्राज्यवादी विस्तारवादी शक्तिहरू आफ्ना दलालहरू मार्फत प्रत्यक्ष वा परोक्ष रूपमा नियन्त्रण गर्दै आइरहेका छन् । हुन त अर्धऔपनिवेशिक अवस्थालाई माथ हुनेगरी दरबार हत्याकाण्ड र १२ बुँदे दिल्ली सम्झौतादेखि नै साम्राज्यवादी विस्तारवादी हस्तक्षेप तीब्र रूपमा बढ्दै आइरहेको हो । १२ बुँदे दिल्ली संझौता र राजतन्त्रको अन्त्य तत्पश्चात् नेपालका हरेक आन्तरिक राजनीतिक मामलाहरूमा आफ्ना दलालहरू मार्फत एकाधिपत्य कायम गरिएको छ। राज्यको पुँजीपतिवर्गको आधिपत्य कायम हुनु हो। परम्परागत प्रकारका सामन्तवर्ग आफ्नो अस्तित्व रक्षाको लागि साम्राज्यवादी एकाधिकार पुँजीको दलाली गर्नुपर्ने भयो । या त उदार बनेर राष्ट्रिय स्वाभीमानको निम्ति श्रमजीवी जनतासँग एकाकार हुनुपर्ने भयो। परम्परागत ढंगले यथास्थितिमा आफ्नो पृथक अस्तित्व कायम राख्न सक्ने अवस्था समाप्त हुँदै गयो। सामन्त वर्गको अस्तित्व कायम राख्न साम्राज्यवादको दलालीको विकल्प रहेन । अतः सामन्त वर्ग पनि दलाल सामन्तमा परिणत भएका छन्।

त्यस्तैगरी अर्धसामन्ती र अर्धऔपनिवेशिक स्थितिको परिणामस्वरूप जन्मिएको नोकरशाही पुँजीपतिवर्गको चरित्र पनि मूलतः दलाल चरित्रमा रूपान्तरित भएको छ। किनभने नोकरशाही पुँजीपतिवर्ग पनि राज्यसत्ता मूलतः साम्राज्यवादी-एकाधिकारवादी दलालहरूको हातमा केन्द्रित भएको अवस्थामा आफ्नो अस्तित्वको लागि या त दलाल पुँजीपतिवर्गको दलालमा परिणत हुनुपर्ने या त राष्ट्रिय स्वाभिमानको निम्ति उदार पुँजीपतिवर्गको रूपमा श्रमजीवी जनतासँग एकाकार हुनुपर्ने स्थिति सिर्जना भएको छ । यसरी नोकरशाही पुँजीपति वर्गको निम्ति पनि परम्परागत ढंगले अस्तित्व कायम गर्न कठिन हुँदै गएको छ। र नोकरशाही पुँजीपति वर्गको अस्तित्व कायम राख्नका लागि नोकरशाही दलाल पुँजीपति वर्गमा परिणत हुनुपर्ने स्थिति पैदा भयो।

यसरी परम्परागत प्रकारको सामन्तवर्ग र नोकरशाही पुँजीपतिवर्ग दुवैको निम्ति साम्राज्यवादी-विस्तारवादी शक्तिको दलाली नगरी अस्तित्वको रक्षा हुन सक्ने अवस्था रहेन। यसरी मुख्यतः दलालीको भरमा टिक्नुपर्ने भएकाले सामन्ती र नोकरशाही पुँजीपतिवर्गको मुख्य चरित्र दलाल बन्नुपर्ने भएको छ। यसर्थ, सबै प्रकारका प्रतिक्रियावादी वर्गहरूको मूल नेतृत्व एकाधिकार दलाल पुँजीपतिवर्ग बन्न पुगेको छ । यसरी नवऔपनिवेशिक स्थितिको परिणामस्वरूप राज्यसत्तामा एकाधिकार दलाल पुँजीपतिवर्गको प्रभुत्व कायम भएकोले प्रधान अन्तर्विरोधमा पनि परिवर्तन आएको छ। विगतमा राज्यसत्तामा घरेलु प्रतिक्रियावादी शक्तिहरू मध्ये मुख्यतः सामन्तवर्गको प्रभुत्व हरेकोले त्यही शक्तिसँग नेपाली जनताको प्रधान अन्तरविरोध रहेता पनि राजतन्त्रको अन्त्य पश्चात राज्यसत्तामा मुख्यतः साम्राज्यवाद र विस्तारवादका एकाधिकार दलाल पुँजीपतिवर्गले प्रभुत्व कायम गरेकोले त्यही सत्तारुढ वर्गसँगको नेपाली जनताको प्रधान अन्तरविरोध रहन पुगेको छ। दलाल पुँजीपतिवर्गमा मात्र सीमित नरही निम्न पुँजीपतिवर्गको वर्ग विविधता रहेको समाज भएकोले निम्नपुँजीपतिवर्गबाट पनि साम्राज्यवादी वा विस्तारवादी शक्तिहरूले जो कसलाई पनि दलाल बनाई भुइँफुट्टा दलाल पुँजीपति वर्गमा परिणत गरेर आफ्नो नवऔपनिवेशिक राज्यसत्तालाई निरन्तरता दिने गरिरहेका छन्। नेपाली जनताको आधारभूत अन्तरविरोध भने विश्व साम्राज्यवाद र भारतीय विस्तारवादका एकाधिकार दलाल पुँजीपतिवर्गको अतिरिक्त सामन्तवर्ग, नोकरशाही पुँजीपतिवर्ग लगायतका सबैखाले प्रतिक्रियावादीहरूसँग यथावतै रूपमा रहेको छ।



अग्रगामी पुनःसंरचना सहित संघीय संविधान निर्माणको विषयदेखि संविधान सभाको विघटन र सरकार गठन-विघटनका सवालहरू लगायत हरेक सवालहरूमा साम्राज्यवादी विस्तारवादी दलालहरूको प्रभुत्व कायम गरिएको छ । संसदवादी राजनीतिक दलका नेताहरू, ठूला मिडिया हाउसहरू, राज्यका विभिन्न अंगहरूको नेतृत्व लगायत हरेक क्षेत्रमा पद र पैसाको बलमा आफ्ना दलाल शक्ति तयार गर्ने प्रवृत्ति तीब्र बनाइएको छ। पद र पैसाको लागि राष्ट्रिय स्वाभिमानलाई बन्धकी राख्ने जस्तो राष्ट्रिय आत्मसमर्पणवादी र राष्ट्रघाती प्रवृत्ति संसदवादी शक्तिहरूमा तीब्रतर रूपमा बढेको छ । राष्ट्रिय आत्मसमर्पणवादको पराकाष्ठा र राष्ट्रघाती विशेषता नै राजनीतिक क्षेत्रमा नवऔपनिवेशिक अवस्थाको जीवन्त उदाहरण हो।

नवउपनिवेशवादको मूल आधार आर्थिक-सामाजिक उत्पादन सम्बन्ध हो। पहिलो र दोस्रो विश्व युद्धकालसम्म साम्राज्यवादी शक्तिहरूले प्रत्यक्ष उपनिवेशको नीति अवलम्बन गरे । प्रत्यक्ष उपनिवेश कायम गर्न नसकेका मुलुकहरूमा विभिन्न असमान सन्धि-सम्झौतामार्फत अप्रत्यक्ष रूपमा आर्थिक सांस्कृतिक प्रभाव कायम गरी उपनिवेश कायम गरेका थिए जसलाई अर्धऔपनिवेश भनिन्छ । पहिलो र दोस्रो विश्वयुद्धमा साम्राज्यवादी शक्तिहरूको पराजय र राष्ट्रिय स्वाधीनताका आन्दोलनहरू प्रबल बन्दै गएपछि साम्राज्यवादी शक्तिहरूले आफ्नो रणनीतिमा केही परिवर्तन गरे र प्रत्यक्ष उपनिवेशको सट्टा अप्रत्यक्ष रूपमा आफ्ना दलालहरू तयार गरेर त्यस मार्फत आफ्नो उपनिवेशलाई नयाँ ढंगले कायम राख्न खोजे। त्यसको लागि अर्थतन्त्रमा निजीकरण, उदारीकरण, भूमण्डलीकरण र खुला बजार अर्थतन्त्रको नीति अवलम्बन गरे। बहुराष्ट्रिय कम्पनीहरू, गैरसरकारी संघसंस्थाहरूको सञ्जाललाई व्यापक बनाए। साम्राज्यवादी शक्तिहरूबीच क्षेत्रीय बाँडफाँड भन्दा पनि बहुराष्ट्रिय कम्पनीहरू खडा गरी संयुक्त रूपले आफ्नो प्रभुत्व कायम गर्ने नीति अपनाए। त्यसमा अझ औपनिवेशिक मुलुककै आफ्ना दलालहरूलाई पनि ज्वाइन्ट भेन्चर वा शेयर आदि मार्फत् हिस्सेदार बनाए। सेवा र घरजग्गा लगायतको अनुत्पादक क्षेत्रमा वित्तीय पुँजीको लगानी बढाएर कृषि तथा औद्योगिक उत्पादनमूलक क्षेत्रलाई ध्वस्त बनाए । अनुत्पादक क्षेत्रको लगानी र चक्रीय ब्याज बृद्धिद्वारा मुलुकलाई झन्झन् ऋणग्रस्त बनाउँदै लगियो । कृषि तथा औद्योगिक वस्तुहरूको उत्पादनको विस्थापनले मुलुक विदेशी वस्तुहरूको आयातमा निर्भर रहनुपर्ने बाध्यात्मक स्थिति सिर्जना गराउँदै लगियो। बढ्दो शोधनान्तर स्थिति, घाटा बजेट, मुद्रा स्फीति, बढ्दो महङ्गी, वस्तुहरूको अभाव आदि स्थिति बढ्दै गयो । र अन्ततः अर्थतन्त्रको क्षेत्रमा पूर्णतः परनिर्भरताको स्थिति पैदा भयो।

अनुत्पादक क्षेत्रमा गरिने वित्तीय पुँजीको लगानी र उत्पादनमूलक क्षेत्रको विस्थापनले बेरोजगारीको समस्या निम्तियो । श्रम बजारमा दिनहुँ हजारौं संख्यामा बेरोजगारहरू थपिन थाले। श्रम निर्यात गर्नुपर्ने बाध्यात्मक स्थितिमा नेपाललाई पुऱ्याइयो। परिणामतः आज मुलुकका झण्डै करोड संख्याजति युवाशक्ति विदेशिन बाध्य भएको छ । अधिकांश ग्रामीण वस्तीहरू युवाविहीन बन्दै गएका छन्। नेपाल बुढा बुढी र केटाकेटीको देशमा परिणत हुँदैछ।

विदेशमा श्रम बिक्री गरेर प्राप्त गरेको विप्रेषण (च्झष्ततबलअभ) को आधारमा जिउनुपर्ने अवस्था पैदा भएको छ। मुलुकको अर्थतन्त्र नै विप्रेषणको बैंकिङ्ग कारोबारको आधारमा चलिरहेको छ र त्यसलाई पनि हुण्डी प्रणालीले विस्थापित गर्दैछ। यसरी विप्रेषण र परनिर्भरतामा निर्वाह गर्नु पर्ने अवस्था भनेको असफल राज्यको द्योतक हो। देशमा यसप्रकारको स्थिति पैदा हुनु मूलतः नवऔपनिवेशीकरणकै परिणाम हो।

नवऔपनिवेशिक आर्थिक-सामाजिक स्थितिले गर्दा अर्धसामन्ती र अर्धऔपनिवेशिक सामाजिक-आर्थिक सम्बन्धको परिणामस्वरूप जन्मेका वर्गहरूको स्वरूपमा पनि परिवर्तन भएको छ। नवउपनिवेशको परिणामत स्वरूप राज्यसत्तामा मुख्यतः साम्राज्यवादी विस्तारवादी एकाधिकार दलाल

अर्द्ध-सामन्ती तथा नव औपनिवेशिक अवस्थामा रहेको वर्तमान नेपालमा विभिन्न अन्तर्विरोधहरू जेलिएका छन् । नेपालमा लामो समयदेखि दुई ओटा आधारभूत अन्तर्विरोधहरू विकसित हुँदै आएका थिए- पहिलो, घरेलु प्रतिक्रियावाद र आम जनसमुदायका बीचको अन्तर्विरोध तथा दोस्रो, वैदेशिक प्रतिक्रियावाद र नेपाल राष्ट्र। घरेलु प्रतिक्रियावाद दलाल तथा नोकरशाह पुँजीपति र सामन्त वर्ग मिलेर बन्दै आएको छ भने वैदेशिक प्रतिक्रियावाद अन्तर्गत विभिन्न रूप र रङ्गका साम्राज्यवादका साथै मुख्यतः भारतीय विस्तारवाद पर्दछन्।

आज भारतीय विस्तारवादद्वारा निर्देशित तथा परिचालित दलाल एवम् नोकरशाह पुँजीपति तथा सामन्त वर्ग र आम जनसमुदायका बीच प्रधान अन्तर्विरोध रहेको छ। नवउपनिवेशवादको हैकम बढ्दै गएको र राजतन्त्रको अन्त्य भएको स्थितिमा यसप्रकारको प्रधान अन्तर्विरोध सही तथा वस्तुवादी बन्न गएको छ।

*(प्रस्तुत दस्तावेजको अंश तत्कालीन नेकपा-माओवादीको सातौ महाधिवेशनका लागि पार्टी अध्यक्ष मोहन वैद्य'किरण'द्वारा प्रस्तुत मस्यौता प्रस्तावबाट लिइएको हो।)*

# 'हाम्रा आदर्श र सपनाहरू मरेका छैनन्, फेरि क्रान्तिको ज्योति बाल्छौं'

हामी जुन उद्देश्य सम्मेलनबाट हासिल गर्न गइरहेका छौं, त्यसका लागि यो सम्मेलन महान अवसर पनि हो। हामीले राष्ट्रिय सम्मेलन गर्ने भनेर लामो समयदेखि प्रतीक्षा गर्दै आएका थियौं। सम्पन्न हुँदैछ। यसको मूल उद्देश्य नयाँ जनवादी क्रान्तिको कार्यदिशा कस्तो हुने हो, हाम्रो सम्मेलनको मुख्य विषयमा यसैमा संकेन्द्रित छ । आज एकथरिले नेपालमा नयाँ जनवादी क्रान्ति पूरा भइसक्यो, अथवा पुँजीवादी जनवादी क्रान्ति पूरा भइसक्यो, अब समाजवादी क्रान्ति गर्नुपर्छ, भनेर भन्दै आएका छन् । त्यसमा पनि उनीहरूले समाजवादी क्रान्ति गर्ने पनि होइनन् । त्यसकारण ठोस परिस्थितिको ठोस अध्ययन गरेर हामीले नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई समृद्ध पार्नुपर्ने आवश्यकता बनेको छ। यो सम्मेलनले त्यही आवश्यकतालाई पूरा गर्ने दिशामा सम्पूर्ण ध्यान केन्द्रित गर्नेछ।

नेपालमा अनेकौं जनसंघर्ष, सशस्त्र संघर्ष हुँदै हामी महान जनयुद्धको प्रक्रियाममा अगाडि बढ्यौं, तर मूल नेतृत्वमा रहेको गलत चिन्तन, त्यसका विरुद्ध दृढतापूर्वक लड्न नसक्नुलगायतका हाम्रा कमजोरीका कारणले समेत, नेपाली जनताले बगाएको रगत, पसिनाहरू, महान सहिदहरू, वेपत्ता योद्धाहरू, कैयौं घाइते अपाङ्गहरू, र आमूल परिवर्तनमा महान सपनाहरू ध्वस्त पार्ने प्रयास अहिले पनि भइरहेका छन् । यो अवस्थामा हाम्रो राष्ट्रिय सम्मेलनको मूल ध्येय के हो भने हाम्रा आस्थाहरू, हाम्रा आदर्श र सपनाहरू मरेका छैनन् । ती सपना र आदर्शहरू पूरा गर्न फेरि क्रान्तिको ज्योति बाल्छौं र नेपालमा सर्वहारावर्गको राज्यसत्ता स्थापना गर्न चाहन्छौं।

हामी कम्युनिष्ट क्रान्तिकारीहरू अझै एक ठाउँमा आउन सकेका छैनौं। हाम्रा मित्र पार्टीका साथीहरूले पनि गम्भीरतापूर्वक यस विषयमा विचारहरू राख्नुभएको छ। हामी कसरी एकताबद्ध हने हो, यसका विषयमा पनि गम्भीरतापूर्वक छलफल गर्न जरुरी छ । हाम्रो सम्मेलनमा यो पनि एउटा महत्वपूर्ण एजेण्डा रहेको छ। सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध हुन ढिलो गर्नुभएको छैन । ढिलो गर्नु हुँदैन, सबैले छिटो प्रयास गरौं । आ-आफ्ना पहलहरूलाई बढाउनु पर्छ । एकताको लागि हाम्रो पार्टीले मात्र भनेको छैन, क. विप्लव र क. मोहनविक्रम सिंह, क. ऋषि कट्टेलले पनि भन्नुभएको छ। एकताको लागि सबैले मिहनत गरौं, हामी पनि मिहनत गर्छौं।

भर्खरै एमाले र माके र नयाँ शक्तिको एउटा गठबन्धन भयो। साँचो अर्थमा त्यो भनेको बाम गठबन्धन होइन, प्रतिक्रियावादी राज्यसत्तामा बस्ने पनि कहिं बाम हुन्छ ? प्रतिक्रियावादी राज्यसत्तामा जाने शक्ति बाम हुन सक्तैन । होइन । एमालेसँग गठबन्धन गर्दै निरन्तरतामा क्रमभंग भने । सुन्दा त शब्द राम्रो लाग्ला तर त्यो सुल्टोदिशातिर होइन, उल्टोदिशातिरको क्रमभंग भयो । जनयुद्धको बेला हामीले सुल्टोदिशातिर फड्को हान्नेलाई निरन्तरतामा क्रमभंग भन्ने शब्द प्रयोग गर्थ्यौं । प्रचण्डहरूले प्रतिक्रियावादतिर छलाङ हाने। एमालेलाई बढी भन्नुपर्ने आवश्यकता छैन। उसका बारेमा धेरै अगाडिदेखि प्रतिक्रियावादी शक्ति भन्दै आएका छौं । प्रचण्डले पनि हिजो एमालेलाई प्रतिक्रियावादी शक्ति नै भनेका हुन् । बाबुरामले त मार्क्सवाद छोडेको घोषणा गरेकै थिए। यो विषयमा हामी चारवटै पार्टीको समान धारणा छ। हाम्रा आधारभूत कुराहरू मिल्छन् । सबैका सबै कुराहरूले अहिल्यै मिल्दैनन्, छलफल बहसका बीचबाट मिलाउँदै लैजानु पर्दछ। देश, जनता र क्रान्तिलाई केन्द्रमा राखेर अगाडि बढ्नु पर्छ। विचारमा त हामी घण्टौं बहस गर्न सक्छौं। यसको लामो अभ्यास हामीले गर्दै आएका छौं। को सही र को गलत हो भन्ने कुराको जाँच पड्ताल कसले गरिदिने ? त्यसकारण हामीले आफैले म म भन्नुपर्छ । आलोचनात्मक क्रान्तिकारी बन्न सक्नुपर्दछ। हामी बीचमा कैयौं पूर्वाग्रह, आग्रह पनि होलान्, ती सबै छाडौं। भन्नलाई हामी सबै तथ्यबाट सत्य पत्ता लगाउने भन्छौं, फेरि आफै मात्र ठिक भएको दावी गर्छौं । सक्दो अध्ययन गरेर हामी आफैले एकअर्कालाई जाँचबुझ गरौं, को कति सही छ । र, रूपान्तरणको दिशामा अगाडि बढौं । मिलेका कुराबाट एकता प्रक्रिया अगाडि बढाउनु पर्छ।

अहिले जुन दक्षिणपन्थी गठबन्धन बनेको छ, त्यो भनेकोनेपालको वामपन्थी आन्दोलनमा, नेपालको कम्युनिष्ट आन्दोलन र नयाँ जनवादी आन्दोलनमा गम्भीर प्रकारको चुनौती हो । त्यो चुनौतीको सामनागर्नेताागत हामीबीचको एकतामा छ । हामी एकताबद्ध भयौं भने त्यसको सामना गर्न सक्छौं । हामी एकताबद्ध भएनौ भने टुक्रा टुक्रा भएर जम्मै त्यही गएर मिसिन्छन्, देख्नु होला । त्यसकारण सक्दो चाँडो सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध हुन जरुरी छ।

नेपालमा क्रान्ति गर्न जरुरी छ । नेपालमा क्रान्ति सम्पन्न भएको छैन । समाजवादी क्रान्ति भनिन्छ । नयाँ जनवाद भनेको समाजवादी क्रान्तिको तयारी हो । रुस पुँजीवादी मुलुक हुँदा हुँदै पनि लेनिनले जनवादी क्रान्तिका कार्यभार पूरा गरेर मात्रै जानु पर्छ भनेका थिए । जनवाद पूरा नगरी समाजवादमा जान सकिन्न । अवसरवादी कित्ताबाट पनि समाजवादी क्रान्तिको कुरा आएको छ । उनीहरूले समाजवादी क्रान्ति गर्दैनन् । उनीहरूको लक्ष्य भनेको यही संसदीय व्यवस्था, नोकरशाही पुँजीवादी व्यवस्थालाई सुदृढ गर्ने हो । हामी विकल्पको शक्ति बन्नुपर्छ। उनीहरूले खडा गरेको चुनौती हाम्रा लागि अवसर पनि हो।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरू निकै गम्भीर छन्। राजनीतिक क्रान्ति पूरा भयो, अब आर्थिक क्रान्ति गर्नुपर्छ भनेर जे हल्ला चलाइएको छ, ती सब धोकाधडी हुन्। नवउदारवाद, बहुराष्ट्रिय कम्पनी, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्वबैंकले भनेका कुरा संसदमा ल्याएर पास गरेर हुन्छ आर्थिक क्रान्ति ? यो भनेको साम्राज्यवादी भुमण्डलीकरण हो । त्यसकारण अहिले गर्नुपर्ने भनेको राजनीतिक क्रान्ति हो। हामी प्रतिक्रियावादी राज्यव्यवस्थालाई ध्वस्त पार्दै, दक्षिणपन्थी अवसरवादको चुनौतीलाई पनि ध्वस्त पार्दै, सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई गोलबन्द गर्दै र आफ्नो पंक्तिलाई पनि सुदृढ पार्दै अगाडि बढौं। यो नै अहिलेको प्रमुख कार्यभार हो। यस दिशामा अगाडि बढ्न हाम्रो सम्मेलन भव्य रूपमा सफल हुनेछ।

*(नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य 'किरण'ले पोखरामा आइतबार सम्पन्न पार्टीको प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा दिएको मन्तव्यमा आधारित)*

# विश्व कम्युनिष्ट आन्दोलनमा माओत्सेतुङका देनहरू



कृष्णदास श्रेष्ठ

***माओत्सेतुङ्का योगदानहरू महान् र महत्वपूर्ण छन् भन्ने कुरामा दुइमत पाइँन्दैन भन्न सकिन्छ, किनभने उहाँको चिन्तन-तरिका र कतिपय सैद्धान्तिक धारणालाई नमान्नेहरू समेत पनि उहाँका योगदानहरूलाई मान्दछन् । तर योगदानको स्वरूपको सम्बन्धमा,योगदान कस्तो खालको र कुन स्तरको भन्ने सम्बन्धमा मुख्य रूपले दुई विपरित धारणाहरू रहेको पाइन्छ । तिनमा एउटा अनुसार, माओत्सेतुङ्ले जे जति योगदानहरू गर्नुभयो, ती राष्ट्रिय चरित्रका छन् र तिनले राष्ट्रिय अर्थात चिनियाँ सीमाभन्दा बाहिर केही महत्व राख्दैन् । उक्त धारणाका समर्थकहरूमा एक थरी जस्ता जो माओत्सेतुङ्का विचारलाई त मान्दछन् तर त्यसलाई विशुद्ध राष्ट्रिय चीज, विशुद्ध चिनियाँ परिघटना ठान्छन् । यस्तो धारणा मार्क्सवादलाई विशुद्ध जर्मन वा युरोपेली परिघटना ठान्ने र लेनिनवादलाई विशुद्ध रूसी परिघटना ठान्ने पहिले देखिएका धारणाहरूको पुनरावृति मात्र हो भन्न सकिन्छ ।***

प्रत्येक महान पुरुष आफ्नो युगको उपज रहन्छ, आफ्नो समयको महान आन्दोलन र इतिहासको उपज रहन्छ। इतिहासका अध्ययनबाट हामी कुन कुरा थाहा पाउँछौ भने साच्चिकै महान आन्दोलन तथा महान परिवर्तनहरूको आवश्यकीय रूपबाट महापुरुषहरूलाई जन्माउछन् र ती महापुरुषहरूले सम्वन्धित आन्दोलन र परिवर्तनको उपज र अभिन्न अंगको रूपमा आफ्नो भूमिका खेल्छन् र आफ्नो तर्फबाट त्यसमा महत्वपूर्ण योगदान गर्दछ। यो कुरा माओत्सेतुङको सम्वन्धमा पनि साँचो रहेको छ । माओ त्सेतुङ आफ्नो समयका महानतम मार्क्सवादी-लेनिनवादी हुनुहुन्थ्यो । अन्य ऐतिहासिक व्यक्तित्वहरू झैं, उहाँ पनि एक ऐतिहासिक उपज हुनुहुन्थ्यो उहाँ आँफू रहेको समयको, त्यस्तो ऐतिहासिक अवधिको एक उपज तथा अभिन्न अंग हुनुहुन्थ्यो, जुन अबधिमा विश्व-ऐतिहासिक महत्वका केही घटनाहरू घटेका थिए । ती घटनाहरूमा प्रमुख हुन् : चिनियाँ जनताको महान मुक्ति आन्दोलन, आधुनिक संशोधनवाद तथा सामाजिक-साम्राज्यवादको विरुद्ध चलेको महान संघर्ष,महाशक्ति-प्रभुत्ववाद-विरोधी विश्व जनताको संर्घष, आदि । उहाँका सम्पूर्ण व्यक्तित्व तथा कार्यहरू उक्त घटनाहरूसित अभिन्न रूपमा गाँसिएका छन्,र त्यसमा उहाँको व्यक्तित्व र कार्यको प्रभाव र छाप स्पष्ट रूपमा परेको छ । सच्चा सर्वहारा क्रान्तिकारीको हैसियतले ती घटनाहरूमा प्रमुख भूमिका खेल्ने सिलसिलामा उहाँले मानव-मुक्तिको महान लक्ष्यमा र कम्युनिष्ट लक्ष्यमा ठूला योगदानहरू गर्नुभयो ।

माओत्सेतुङ्का योगदानहरू महान् र महत्वपूर्ण छन् भन्ने कुरामा दुइमत पाइँन्दैन भन्न सकिन्छ, किनभने उहाँको चिन्तन-तरिका र कतिपय सैद्धान्तिक धारणालाई नमान्नेहरू समेत पनि उहाँका योगदानहरूलाई मान्दछन् । तर योगदानको स्वरूपको सम्बन्धमा,योगदान कस्तो खालको र कुन स्तरको भन्ने सम्बन्धमा मुख्य रूपले दुई विपरित धारणाहरू रहेको पाइन्छ । तिनमा एउटा अनुसार, माओत्सेतुङ्ले जे जति योगदानहरू गर्नुभयो, ती राष्ट्रिय चरित्रका छन् र तिनले राष्ट्रिय अर्थात चिनियाँ सीमाभन्दा बाहिर केही महत्व राख्दैन् । उक्त धारणाका समर्थकहरूमा एक थरी जस्ता जो माओत्सेतुङ्का विचारलाई त मान्दछन् तर त्यसलाई विशुद्ध राष्ट्रिय चीज, विशुद्ध चिनियाँ परिघटना ठान्छन् । यस्तो धारणा मार्क्सवादलाई विशुद्ध जर्मन वा युरोपेली परिघटना ठान्ने र लेनिनवादलाई विशुद्ध रुसी परिघटना ठान्ने पहिले देखिएका धारणाहरूको पुनरावृति मात्र हो भन्न सकिन्छ । उक्त धारणा धारणालाई मान्नेहरू माओत्सेतुङ्का काम तथा विचारको महत्व तथा महानता चिनियाँ सीमाभित्र सीमित रहेको रूपमा लिइन्छ । यसको ठीक विपरित अर्को धारणा छ, जसले माओत्सेतुङ्लाई एक अन्तराष्ट्रिय व्यक्तित्वको रूपमा हेर्छ, र कस्तो मान्यता राख्छ भने माओत्सेतुङ्का महान विचारहरू विशुद्ध राष्ट्रिय परिघटना होइनन् ती सांगुरो र राष्ट्रिय सीमाभित्र मात्र महत्व राख्ने चिज होइनन्,बरु तत्कालीन अन्तराष्ट्रिय तथा राष्ट्रिय विकास सित घनिष्ट रूपले सम्बन्धित र त्यसमा आधारित अन्तराष्ट्रिय परिघटना हुन् ।

अन्य मुलुकहरूमा झैं, हाम्रो मुलुकमा पनि माओ त्सेतुङको देनलाई सानो पारेर देखाउने,त्यसलाई मामुली रूपमा प्रस्तुत गर्ने र विशुद्ध राष्ट्रिय महत्वको ठान्ने धारणा पाइन्छ। उक्त धारणा एकदमै यथार्तवादी र गलत छ,किनभने त्यसले माओ त्सेतुङका देनहरूलाई, उहाँका कार्य र विचारको महानतालाई व्यापक परिपेक्षमा, सम्पुर्ण अन्तराष्ट्रिय विचारको परिपेक्षमा हेर्न सकेको छैन, किनभने त्यसले त्यसलाई महान चिनियाँ जनक्रान्ति, आधुनिक-संशोधनवाद-विराधी संघर्ष र महाशक्ति-प्रभुत्ववाद-विरोधी संघर्षको विश्व ऐतिहासिक महत्वको परिपेक्षमा हेर्न सकेको छैन् । उक्त धारणाको पछिल्तिर कुन तथ्यप्रति अज्ञानता रहेको छ भन्ने प्रत्येक साँच्चिकै महान बिचारमा अन्तराष्ट्रिय बन्ने स्वाभाविक प्रवृति रहेको हुन्छ ।

मेरो विचारमा, माओ त्सेतुङबाट विश्व कम्युनिष्ट आन्दोलनप्रति गरिएको योगदानहरू बहुपक्षीय र बहुआयामिक छन् । यहीं दृष्टिकोणबाट संक्षिप्त रूपमा त्यसवारे चर्चा गरिएको छ ।

१) पहिलो कुरा के भने महान चिनियाँ जनक्रान्ति,अर्थात बीसौं शताब्दीमा महान अक्टोबर समाजवादी क्रान्तिपछिको अधिकतम विशाल, व्यापक तथा शक्तिशाली प्रतिक्रियावाद-विरोधी क्रान्तिका संगठनकर्ता तथा नेताको हैसियतबाट माओ त्सेतुङ्ले विश्व जनक्रान्ति र विश्व कम्युनिष्ट आन्दोलनप्रति महत्वपूर्ण योगदान गर्नुभयो ।

माओ त्सेतुङ प्रधान रहेको चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा भएको चिनियां जनताको सामन्त-विरोधी तथा साम्राज्यवाद-विरोधी क्रान्तिको विजय बीसौ शताव्दीमा भएका अक्टोवर समाजवादी क्रान्ति र फासिष्टवाद माथि मानवजातिको विजयपछिको विश्वव्यापी महत्वको तेस्रो घटना थियो । विश्व सर्वहारा क्रान्तिको अभिन्न अंग रहेको उक्त विजयी क्रान्तिले विश्व साम्राज्यवादी व्यवस्थालाई निकै कमजोर र जनवाद,समाजवाद र शान्तिको पक्षलाई अधिक शक्तिशाली तथा व्यपक बनायो । खास रूपमा, उक्त विजयी क्रान्तिले औपनिवेशिक तथा अर्ध-औपनिवेशिक मुलुकहरूमा राष्ट्रिय मुक्ति आन्दोलनलाई ठूलो बल र प्रेणा प्रदान गर्‍यो ।

जनवादी क्रान्तिका अभिभाराहरूलाई पूरा गरिसकेपछि १९५६ मा चीन समाजवादी क्रान्तिको युगमा प्रवेश गर्‍यो र त्यहाँ समाजवादी निर्माण गर्न थालिनु कम महत्वको कुरा थिएन, बरु वास्तवमा एक महान विश्व-ऐतिहासिक महत्वको घटना थियो ।

यसरी चीनमा नौलो जनवादी क्रान्तिको सम्पन्नता र त्यसपछि भएको समाजवादी क्रान्ति र समाजवादी निर्माण-कार्यको थालनी हुनु निश्चय नै विश्व कम्युनिष्ट आन्दोलनको ऐतिहासिक अग्रगतिमा अति महत्वपुर्ण पाइला थिए । तिनले उक्त आन्दोलनमा अभिवृद्धि र विकासमा तिनको ठूलो योगदान रहेको छ ।

माथि उल्लेखित सम्पुर्ण क्रान्ति र निर्माणको कामसित माओ त्सेतुङको नाउं अभिन्न रूपमा गासिएको छ । उहाँ उक्त क्रान्तिका प्रमुख संगठनकर्ता तथा नेता र समाजवादी निर्माणका प्रमुख इन्जिनियर हुनुहुन्थ्यो । जनवरी १९३५ मा चिनियां कम्युनिष्ट पार्टीमा उहाँको नेतृत्व स्थापित भएपछि,उहाँले चिनियाँ क्रान्तिलाई पुर्ण विजयसम्म बढाउनु भइ त्यसलाई समाजवादी चरणमा लैजानुभयो। उहाँले मार्क्सवादी-लेनिनवादका आधार भूत सिद्धान्तहरूलाई अर्ध-औपनिवेशिक चीनको क्रान्तिका विशिष्ट अवस्थाहरूमा बढो कुशल तथा सृजनात्मक ढंगवाट लागू गर्नुभयो । चिनियाँ जनक्रान्तिको विजय मार्क्सवाद-लेनिनवादको एउटा ठूलो एतिहासिक विजय पनि थियो । मार्क्सवाद अविकसित मुलुकहरूमा लागू हुदैन भन्ने त्यसताका प्रतिक्रियावादीहरूद्वारा व्यापक रूपमा प्रचारित फट्याइलाई व्यावहारिक रूपमा देखाएर, त्यसले मार्क्सवादको सर्वव्यापी लागूयोग्यतालाई अकाट्यरूपमा सावित गरिदियो। कुन कुरा एकदमै सत्य सावित भयो भने मार्क्सवाद विकसित, अल्पविकसित तथा अविकसित सवै मुलुकहरूमा र सवै परिस्थितिहरूमा लागूहुन सक्छ ।

उपरोक्त सारा कुरा विश्व कम्युनिष्ट आन्दोलनप्रति महत्वपूर्ण योगदान हुन र त्यसमा माओ त्सेतुङको प्रमूख भूमिका रहेको छ ।

२ दोस्रो कुरा के हो भने तत्कालीन सोभियत सशोधनवादी नेतृ-डफ्फावाट नेतृत्व गरिएको आधुनिक संशोधनवादको विरुद्ध मार्क्सवाद-लेनिनवादका क्रान्तिकारी शिक्षाहरूको रक्षकको हैसियतवाट उहाँले विश्वकम्युनिष्ट आन्दोलनप्रति ठूलो योगदान गर्नुभयो ।

१९५३ मा स्टालीनको निधन पछि पूर्व सोवियत संघको कम्युनिष्ट पार्टीको नेतृत्व खुश्चोव र त्यसको गुटद्वारा हत्याइयो । उक्त नेतृ-डफ्फाले महान स्टालीनको नाउँ र कामहरूलाई बदनाम गर्न भगिरथ प्रयत्न गर्‍यो । खुश्चोवपंथी नेतृ-डफ्फाद्वारा प्रतिनिधित्व गरिएको आधुनिक संशोधनवादले साम्राज्यवाद र प्रतिक्रियावादको हितमा मार्क्सवाद-लेनिनवादका शिक्षाहरूलाई संशोधन र तोडमरोड गरे । ती संशोधनवादीहरूले क्रान्तिकारी वर्ग-संघर्ष-समाजवादी क्रान्ति, सर्वहारावर्गको अधिनायकतन्त्र,युद्ध र शान्ति,आदिसम्वन्धि मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूप्रति विश्वासघात गरेर कम्युनिष्ट आन्दोलनलाई संशोधनवादी बाटोमा लैजान खोजे । त्यसैले,संशोधनवाद विश्व कम्युनिष्ट आन्दोलनको लागि निकै ठूलो खतरा बन्न पुग्यो ।




आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर


| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# सम्भावित उत्तर कोरिया र अमेरिकाका बीच युद्धका सन्दर्भमा





● हस्तबहादुर केसी ●

उत्तर कोरिया र अमेरिकाबीचको तनाव तीव्रगतिले अगाडि बढिरहेको छ। एउटा स्वतन्त्र र सार्वभौम मुलुक उत्तर कोरियामाथि युद्धपिपासु अमेरिकी साम्राज्यवादले युद्ध भड्काउने निहु खोजिरहेको छ । राष्ट्रिय स्वाधिनता र आत्मसुरक्षाका निम्ति उत्तर कोरियाले आणविक हतियार अथात् ब्लाष्टिक बम र शक्तिशाली हाइड्रोजन बम निर्माण गरेर परिक्षण समेत गरे पछि अमेरिकी साम्राज्यवाद अत्तालिन पुग्यो । उसले संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदमा निर्णय गराएर उत्तर कोरियामाथि थप नाकाबन्दी लगाउने घोषणा गरेको छ।

अहिले पनि उत्तर कोरियाको आकासमाथि साम्राज्यवादी अमेरिकाद्वारा सृजित युद्धको बादल मडारिरहेको छ। अमेरिका किन उत्तर कोरियामाथि किन यति विघ्न आक्रोसित छ र सैनिक आक्रमण गर्ने धम्कि समेत दिदै आएको छ।

साम्राज्यवादी मुलुक अमेरिकाले र अन्य पुँजीवादी मुलुकहरूले आणविक हतियार उत्पादन र भण्डारण गर्न हुने, तर उत्तर कोरिया जस्ता उत्पीडित राष्ट्रले आणविक हतियार उत्पादन र भण्डारन गर्न किन नहुने जस्ता प्रश्नहरू आज ज्वलन्त रूपमा उठ्ने गरेका छन् । यी विषयमा यो लेख केन्द्रिकृत रहने छ।

१) **उत्तर कोरियाको संक्षिप्त परिचय** :

उत्तर कोरियाका बारेमा जानकारी लिन आवश्यक छ। उत्तर कोरिया पूर्वी एसियामा रहेको एक समाजवादी राष्ट्र हो । कोरिया प्राद्धीपको ३८ प्यारालाल अक्षांसले छुट्याएको छ। उत्तर कोरिया जापान सागरको अन्त्यमा पर्दछ । यो चीन र दक्षिण कोरियाको बीचमा अवस्थित छ। उत्तर कोरियाको क्षेत्रफल १२०५४० वर्ग किलो मिटर छ । त्यहाँको जनसंख्या २३४७९०८९ छ । उत्तर कोरियाको राजधानी प्योङ्याङ हो । त्यहाँको साक्षरता १०० प्रतिसत रहेको छ।

उत्तर कोरिया १५ अगस्ट सन् १९४५ मा जापानबाट स्वतन्त्र भएको हो। त्यहाँ कम्युनिष्ट सिद्धान्तको कानुनी पद्धतिमा निर्देशित छ । त्यहाँ राष्ट्रप्रमुखमा राष्ट्रप्रति र सरकार प्रमुखमा प्रधानमन्त्री रहने व्यवस्था छ । यो राज्यमा एकसदनात्मक व्यवस्थापिका छ र यसलाई सुप्रिम पिपुल्स एसेम्बली (जनसंसद) भनिन्छ।

सन् १९०५ देखि जापानी औपनिवेशको रूपमा रहेको यो मुलुक सन १९४५ मा जापानी सेना दोस्रो विश्वयुद्धमा पराजय भए पछि स्वतन्त्र भएको थियो । तर जापानी सेनाले हारे पछि कोरियामा उत्तर तीर सोभियत संघका सेना र दक्षिणतिर अमेरिकी सेना उपस्थित भए पछि एकीकृत कोरिया उत्तर र दक्षिणमा विभाजित हुन पुगेको हो । उत्तरतिरको भागमा नियन्त्रण गरेको सोभियत सेना फिर्ता भएपछि उत्तर कोरिया समाजवादी राज्यको रूपमा स्थापित भयो भने दक्षिण कोरिया संयुक्त राज्य अमेरिकाको नियन्त्रणमा नै रहेको थियो।

उत्तर कोरियाले सन् १९५० देखि १९५३ सम्म अमेरिकाले नेतृत्व गरेको प्रतिक्रियावादी सेनासँग तीन वर्षे युद्ध लड्नु परेको थियो । यसलाई कोरिया युद्ध भनिन्छ। कोरिया युद्धमा सोभियत संघ र चीनले ठूलो सहयोग गरेका थिए।

उत्तर कोरिया र दक्षिण कोरिया ३८ अक्षांसबाट विभाजित भएका छन् भने यसको सिमा चीन र रुससँग जोडिएको छ। कोरियाली युद्धमा सम्पूर्ण कोरिया भौतिक रूपमा पूर्ण ध्वस्त भएकोमा त्यहाँ कम्युनिष्ट नेतृत्वमा अत्यन्त छिटो आधुनिक समाजवादी कोरियाको निर्माण हुन पुग्यो जसलाई जनवादी गणतन्त्र कोरिया ९मएच्प्० भनिन्छ। र सन् २००५ मा प्रमाणुअस्त्र समेत प्राप्त गर्न सफल भयो। र आजसम्म यसले ब्लास्टिक बम र क्षप्रयास्त्र तथा शक्तिशाली हाइड्रोजन बमको निर्माण र परिक्षण समेत गरि सकेको छ र यसले अमेरिकासम्म मार हान्न सक्ने क्षप्रयास्त्र समेत निर्माण गरि सकेको छ। अमेरिकी साम्राज्यवादले शुरुदेखि बाटै निरन्तर रूपमा उत्तरकोरिया नाकाबन्दी लगाउदै आएको छ र अहिले उत्तर कोरियाले ब्लास्टिक बम र शक्तिशाली हाइड्रोजन बमको पनि सफल परिक्षण गरि सकेपछि अमेरिकी साम्राज्यवादले संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदलाई समेत गुहारेर थप नाकाबन्दी लगाएको छ।

उत्तर कोरियाले समाजवादी सिद्धान्तमा आधारित जुछेविचार मान्ने गरिन्छ । जुछेविचारधारा भनेको मानिसलाई केन्द्रविन्दुमा राखि प्रतिपादन गरिएको कोरियाली प्रारूपको मार्क्सवादी विचारधारा हो । यसले मजदूर, किसान र बुद्धिजीविहरू बीचको एकतामा जोड दिन्छ र स्वतन्त्रता र सिर्जनात्मकताको सिद्धान्तलाई अंगिकार गरेको छ। जुछेविचारधारा भनेको आत्म निरभर्ताको सिद्धान्त हो । यसको प्रतिपादन किम इल सुङले गर्नु भएको हो।

आज कोरियाली जनताको मुख्य समस्या भनेको सन् १९५३ मा अमेरिकी साम्राज्यवादद्वारा विभाजित कोरियालाई एकीकरण गर्नु नै रहेको छ। यो विभाजनले अन्तरराष्ट्रिय राजनीतिमा समेत तनाव र द्वन्द्वसमेत लामो समयदेखि कायम रहदै आएको छ।

२) **कोरियाली क्रान्ति** :

सन् १९३० मा कोरियामा वर्कर्स पार्टी कोरियाको निर्माण कमरेड किम इल सुङको नेतृत्व भएको थियो । त्यहाँ सुरुदेखि नै कम्युनिष्ट पार्टी नभनेर मार्क्सवाद-लेनिनवादको पथ प्रदर्शन र मार्ग निर्देशनमा संचालित वर्कर्स पार्टी ९ध्यचपभचुक एबचतथ या प्यचभब० को निर्माण गरिएको थियो। मार्क्सवाद लेनिनवादमा त्यहाँको ठोस परिस्थिति र सापेक्षतामा आधारित किम इल सुङले मार्क्सवाद-लेनिनवादमा थप विकास गरि जुछे विचारधाराको प्रतिपादन गरेपछि मार्क्सवाद-लेनिनवाद-जुछे विचारधारालाई वर्कर्स पार्टी कोरियाले आफ्नो पक्षप्रदर्शक सिद्धान्तको रूपमा राख्दै आएको छ।

सन् १९३० मा कमरेड किम इल सुङको नेतृत्वमा वर्कर्स पार्टी कोरियाको निर्माण गरे पश्चात उहाँकै नेतृत्वमा जनमुक्ति सेनाको निर्माण गरियो। र मजदूर किसान एकताको र सहयोगमा सन् १९३० देखि १९४५ सम्म कोरियामा सामान्तवाद र जापानी साम्राज्यवादका विरुद्ध भीषण राष्ट्रिय युद्ध संचालन गरियो र अन्त्यमा जापानी सेनालाई कोरियाली जनमुक्ति सेनाले पराजित गरे पछि १५ अगस्त १९४५ मा कोरिया घरेलु सामन्तवादी प्रतिक्रियावादी र जापानी साम्राज्यवादबाट स्वतन्त्र हुन पुगेको थियो।

**कोरियाली युद्धको समयमा अमेरिकी साम्राज्यवादद्वारा जुन उत्तर र दक्षिण गरी एकीकृत कोरियालाई विभाजित गरियो र उत्तर कोरियामा समाजवादी व्यवस्था लागु गरिदै आएको छ भने दक्षिण कोरियामा अमेरिकी साम्राज्यवादको सहयोग र उपस्थितिमा पुँजीवादी व्यवस्था चलाइएको छ । उत्तरकोरियाले विभाजित कोरियालाई शान्तिपूर्ण रूपमा एकीकरण गर्न चाहन्छ र निरन्तर रूपमा आषना प्रयासलाई जारी राख्दै आएको छ। तर अमेरिकी साम्राज्यवादले दक्षिण कोरियामा आषना सेना तैनाथ पारदै आएको छ र कुनै पनि बेला उत्तर कोरियासँग युद्ध लड्ने षडयन्त्र रच्दै आएको छ र निहुँ खोज्दै आएको छ ।**

३. **कोरियाली युद्ध (Korean war):**

विश्व राजनीतिको इतिहासमा सन् १९५० देखि १९५३ सम्म भएको विनासकारी युद्धलाई कोरियाली युद्ध ९प्यचभबल धबच० भनिन्छ। यो युद्धको मुख्य कारक अमेरिकी साम्राज्य थियो । किनकी १५ अगस्त १९४५ मा जापानी सेना पराजित भएपछि उत्तरतिर रहेका सोभियत संघका सेना फिर्ता भएका थिए भने दक्षिणतीर अमेरिकाली साम्राज्यवादले आफ्ना सेना तैनाथ पारेर एकीकृत कोरियालाई उत्तर र दक्षिण गरि विभाजन हुन बाध्य तुल्याएको थियो। उत्तर कोरियाले एकीकृत कोरिया निर्माण गर्न चाहन्थ्यो र अमेरिकी साम्राज्यवादलाई कोरिया प्राद्वीपबाट लखाट्न चाहन्थ्यो। यसले गर्दा कोरिया र अमेरिकी साम्राज्यवादका बीचमा युद्धको खतरा त कायम नै थियो। अमेरिकी साम्राज्यवादले दक्षिण कोरियामा आफ्ना सेनाहरू तैनाथ गर्दै आएको थियो। तर उत्तर कोरियाले अमेरिकामाथि कुनै सैन्य आक्रमण भने गरेको थिएन। तर उत्तर कोरियाले अमेरिकामाथि हमला गरेको भनि संयुक्त राष्ट्रसंघमा रुसको अनुपस्थितिको समयमा सुरक्षा परिषदले उत्तर कोरिया माथि सैन्य हमला गर्ने भन्ने प्रस्ताव पारित गरि अमेरिकी नौ सेनाको जर्नेल मेकाथरको नेतृत्वमा १६ राष्ट्रका संयुक्त सेनाले सन् १९५० को जुलाइमा उत्तर कोरियामाथि सैन्य हमला गरेपछि युद्ध शुरु भएको थियो।

कोरियाली युद्धको कारणले गर्दा संयुक्त राष्ट्रसंघको विश्व विभाजन नै भयो । रुस र चीन लगायतका अन्य मुलुकले उत्तर कोरियाको समर्थन गरेपछि उत्तरतीरबाट हमला गर्दै उत्तरतिरका कोरियाली सेनाहरू सिउलसम्म तल झरेका थिए।

३ वर्षसम्म कोरियाली युद्ध चल्यो। यस युद्धमा करीब १५ लाखसम्म कोरियाली जनताले राष्ट्रिय स्वाधिनताका निम्ति जीवन उत्सर्ग गरे। पाँच लाख जति चिनियाँ स्वयमसेवक र रुसको समेत ठूलो क्षति भएको थियो। पछि अमेरिकी साम्राज्यवादको हार भएपछि सन १९५३ मा उत्तरकोरिया र दक्षिण कोरियाको सिमानामा पर्ने पानामान जुङ्कमा शान्ति संझौता भयो र युद्ध रोकियो।

अझै पनि उत्तर कोरिया र अमेरिकी साम्राज्यवादका बीचमा युद्धको स्थिति कायमै छ। किनकि शान्ति संझौता कायम हुन सकिरहेको छैन । दक्षिण कोरिया करीब ४० हजार सेना तैनाथ पारिएको छ । उत्तर कोरिया पहिलेकै अवस्थामा छैन । आज उत्तर कोरियाले सैन्य शक्तिलाई बलियो मात्रै पारेको छैन, आणविक हतियार, अर्थात् ब्लास्टिक बम, क्षप्रयास्त्र र शक्तिशाली हाइड्रोजन बम समेतको निर्माण र सफल परिक्षण समेत गरिसकेको अवस्था छ। अमेरिकी साम्राज्यवादले वर्षेनी दक्षिण कोरियासँग मिलेर सैन्य अभ्यास गरेर उत्तरकोरियालाई उत्तेजित गर्ने र जनतामाथि आतंक फैलाउने कार्य गर्दै आएको छ । यसले गर्दा कुनै पनि समयमा कोरिया र अमेरिकाका बीचमा युद्ध भड्किने सम्भावना प्रबल छ । उत्तर कोरियाले पहिले युद्ध छेडेमा भीषण युद्धमा उत्रिने अमेरिकी सम्राज्यवादको चाहना र योजना छ तर उसको चाहना पुरा गर्ने गरि उत्तर कोरियाले पहिलो फायर अमेरिकी साम्राज्यवादका विरुद्ध खोल्ने योजनामा छैन। तर अमेरिकी साम्राज्यवादले आक्रमण शुरु गरेमा पुनः अमेरिकालाई कोरियाली भूमिमा खरानी पार्ने योजनाका साथ उत्तरकोरियाले आणविक हतियारको निर्माण र सेनालाई बलियो र शक्तिशाली बनाउदै आएको छ।

४) **उत्तर कोरियाले किन आणविक हतियारको निर्माण र परिक्षण गर्दै आएको छ ?**

जुन सन १९५० देखि १९५३ सम्म तीन वर्षे कोरियन युद्ध भयो, त्यस युद्धमा अमेरिकी सेना पराजित भए पछि पानमान जुङ्कमा शान्ति संझौता कायम गरि युद्ध स्थगित गरिएको थियो। युद्ध पूर्ण रूपमा बन्द गरिएको थिएन । शान्ति संझौता भने युद्धरत दुवै शक्तिका बीचको शक्तिसन्तुलनका आधारमा गरिने अस्थायी युद्ध शान्ति संझौता पनि हो। यसले के दर्साउछ भने युद्ध कायमै छ र कुनै पनि समय र परिस्थितिमा पुनः युद्ध भड्कन सक्छ भन्ने नै हुन्छ।

कोरियाली युद्धको समयमा अमेरिकी साम्राज्यवादद्वारा जुन उत्तर र दक्षिण गरी एकीकृत कोरियालाई विभाजित गरियो र उत्तर कोरियामा समाजवादी व्यवस्था लागु गरिदै आएको छ भने दक्षिण कोरियामा अमेरिकी साम्राज्यवादको सहयोग र उपस्थितिमा पुँजीवादी व्यवस्था चलाइएको छ। उत्तरकोरियाले विभाजित कोरियालाई शान्तिपूर्ण रूपमा एकीकरण गर्न चाहन्छ र निरन्तर रूपमा आफ्ना प्रयासलाई जारी राख्दै आएको छ । तर अमेरिकी साम्राज्यवादले दक्षिण कोरियामा आफ्ना सेना तैनाथ पारदै आएको छ र कुनै पनि बेला उत्तर कोरियासँग युद्ध लड्ने षडयन्त्र रच्दै आएको छ र निहुँ खोज्दै आएको छ।

तसर्थ, सन् १९५० देखि १९५३ सम्म चलेको कोरियाली युद्ध पानमान जुङ्क शान्ति संझौता मार्फत टुंग्याइएको र स्थायी शान्ति नभएका कारण कुनै पनि बेला कोरियाली युद्ध हुन सक्ने संभावना कायमै रहेका कारण आफ्नो आत्मरक्षा र कोरियाली राष्ट्रको राष्ट्रिय स्वाधिनतालाई बचाई राख्नका निम्ति उत्तरकोरिया आणविक हतियार (प्रमाणु बम) निर्माण गर्न, ब्लास्टिक बम तथा शक्तिशाली हाइड्रोजन बमको उत्पादन, निर्माण र सफल परिक्षण गर्न बाध्ये रहदै आएको छ। र अमेरिकी साम्राज्यवादले पुनः आक्रमण गरेमा पुनः बहादुरीपूर्ण युद्ध लडेर राष्ट्रिय स्वाधिनता बचाई राख्ने तयारीमा छ उत्तर कोरिया।

सवाल के हो भनेक अब आणविक हतियार कसैले पनि निर्माण र उत्पादन तथा भण्डारण नगर्ने भन्ने हो । तर अमेरिका, रुस, चाइना, इजरायल, भारत लगायतका पुजीवादी मुलुकहरूले हतियार उत्पादन र भण्डारण गरिरहन पाउने, अन्य राष्ट्रले गर्न पाइन्न भन्ने जुन कुरा छ यो नै गलत छ। त्यसो भने त अमेरिका, रुस, चीन लगायतका मुलुकहरूले पनि हतियारहरू नष्ट गर्नु पऱ्यो । उनिहरूले आणविक हतियारको उत्पादन र भण्डारण गरि रहने र विश्वजनतालाई सधै आतंकित तुल्याई रहने। तेस्रो विश्वयुद्धको खतराको संकेत गराई राख्ने, तर अन्य राष्ट्रले आफ्नो आत्म सुरक्षा र राष्ट्रिय स्वाधिनताका निम्ति हतियार बनाउन नपाइने । यो नै अन्यायपूर्ण रहदै आएको छ । यसलाई छिचोल्दै जुन उत्तर कोरियाले आणविक हतियार, ब्लास्टिक बम र शक्तिशाली हाइड्रोजन बमको निर्माण र सफल परिक्षण गरिरहेको छ, उत्तर कोरियाको यो कदम र प्रयास विश्व जनताका लागि सहानीय नै छ र उत्तर कोरिकाले निर्भिक भएर अमेरिकी साम्राज्यवादको युद्ध उन्मादका विरुद्ध डटेर मुकाबिला गर्ने जुन आँट प्रदर्शन गरिरहेको छ, यस विषयमा विश्वभरका उत्पीडित राज्य र मुक्तिकामी जनताले उत्तर कोरियालाई धन्यवाद दिनु उपयुक्त हुन्छ र ऐक्यबद्धता जाहेर गर्न जरुरी छ।

# हाम्रो राष्ट्रिय संस्कृति

● कृष्णदास श्रेष्ठ

राष्ट्रिय संस्कृतिबारे चर्चा गर्दा, सबभन्दा पहिले एउटा प्रश्न उठ्छ । त्यो प्रश्न हो, संस्कृति भनेको के हो ? यथार्थमा, त्यसले कुन कुरालाई जनाउँछ ?

संस्कृति एउटा ऐतिहासिक परिघटना हो । संस्कृति भन्नाले ऐतिहासिक विकासका क्रममा समाजले सिर्जना गरेका सारा भौतिक प्राविधिक तथा बौद्धिक (मानसिक) मूल्यहरूको समष्टिलाई जनाउँछ । ती सबै मूल्यहरूका स्रष्टा मानिसहरू हुन्, मानवीय क्रियाकलापका प्रतिफल हुन्, र तिनको प्रतिनिधित्व विभिन्न रूपमा भौतिक तथा कलात्मक उत्पादनहरूले गरेका हुन्छन् । यसरी कुनै मुलुकको राष्ट्रिय संस्कृति भन्नाले सम्बन्धित मुलुकको सामाजिक विकासको कुनै खास अवधिमा मानिसहरूद्वारा प्राप्त गरिएका आर्थिक तथा प्राविधिक विकास र तिनका सिर्जनात्मक शक्ति तथा क्षमताहरूको विकासको स्तरलाई जनाउँछ र ऐतिहासिक दृष्टिले निर्धारित स्तरको रूपमा त्यसले मानवीय क्रियाकलापद्वारा सिर्जित भौतिक तथा मानसिक मूल्यहरू र विभिन्न खालका आर्थिक, सामाजिक तथा कला संगठनहरूमा आफूलाई अभिव्यक्त गर्दछ । सामाजिक-आर्थिक विकास र परिवर्तन अनुरूप त्यसको विकास र परिवर्तन हुन्छ ।

सामान्य रूपमा संस्कृतिले जनाउने कुरा उपरोक्त हुन् । विशिष्ट रूपमा यसलाई लिदा, हामी के देख्छौं भने यसका दुइटा पक्ष छन् : भौतिक मूल्यहरूको उत्पादनमा प्रयोग हुने यन्त्र प्रविधि तथा अनुभव जसलाई भौतिक संस्कृति भनिन्छ, र अर्को कला, साहित्य, दर्शन, विज्ञान आदि क्षेत्रमा प्राप्त गरिएका उपलब्धिहरू जसलाई हामी बौद्धिक (मानसिक) संस्कृति भन्छौं । पछिल्लो पक्षको संस्कृतिले मानविय जीवनको बौद्धिक क्षेत्रलाई जनाउँछ । यहाँ हामी उक्त पछिल्लो पक्षबारे छोटो चर्चा गर्दछौ ।

हाम्रो समाजको वर्तमान चरित्र अर्ध-सामन्ती र अर्धऔपनिवेशिक रहेको छ, र त्यही अनुरूपको हाम्रो राष्ट्रिय संस्कृति रहेको छ । समाजको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक चरित्रको मानसिक अभिव्यक्ति रहेको हाम्रो संस्कृतिमा मुख्य रूपमा दुइटा पक्ष त्यसमा रेहेका छन् ।

ऐतिहासिक विरासतको रूपमा रहेका उक्त दुइटा तत्वमा हाम्रो समाजको अर्गगामी विकास र जनजीवनको वर्तमान अवस्थामा आमूल परिवर्तनका लागि कायम राखी अघि बढाउन पर्ने पहिलो (जनवादी) तत्व हो । नेपाली जनताले देश विकासको बारेमा मुख्य बाधक रहेका सामन्ती व्यवस्था र त्यसका रक्षक सामन्ती निरंकुशतन्त्रको विरुद लामो समय देखि संघर्ष गरि आएका छन् । सयौं वर्षदेखि विभिन्न रूपमा चलिरहेको उक्त संघर्षमा र मुख्य रूपमा २००७ सालको क्रान्ति, २०३६ तथा २०४६ सालको जन-विद्रोहहरू, माओवादी पार्टीद्वारा संचालित जनयुद्ध, २०६२-६३ सालको ऐतिहासिक जनआन्दोलनमा सक्रिय रूपमा सहभागी भई नेपाली जनताले दर्शाएका लडाकुपन, त्याग र बलिदान निकै महत्वपूर्ण छ । यसरी सामन्तीवाद-विरोधी संघर्षहरूमा एउटा गौरवशाली लोकतान्त्रिक परम्परा कायम भएको छ, जुन कुरा निकै ऐतिहासिक महत्वको छ । त्यस्तै, आफ्नो मुलुकको स्वाधिन अस्तित्व, राष्ट्रिय संप्रभुता तथा क्षेत्रीय अखण्डताको संरक्षणको लागि जनताले निरन्तर संघर्ष गरि आएका छन । हाल यता केही दशकदेखिन हाम्रो राष्ट्रिय स्वाधिनता र क्षेत्रीय अखण्डता विरुद्ध भारतको शासकवर्गहरूको नांगो हस्तक्षेप तथा विस्तारवादी कार्यहरूको विरुद्ध नेपाली जनता निरन्तर संघर्ष चलाइरहेका छन् । यो एउटा हाम्रो गौरवशाली महत्वको परम्पराको रूपमा रहेको छ ।

यसरी कायम भएको सामन्त-विरोधी, भारतीय विस्तारवाद विरोधी र साम्राज्यवाद विरोधी ऐतिहासिक परम्पराहरू हाम्रो इतिहासका एक अत्यधिक गौरवशाली पृष्ठ हुन र ती राष्ट्रिय संस्कृतिका चहकिलो पक्ष हुन ऐतिहासिक रूपले स्थापित ती गौरवशाली परम्पराहरूलाई अहिले वर्तमान सन्दर्भमा अघि बढाउनु पर्ने र अरु विकसित गर्नुपर्ने स्थिति हाम्रो सामु छ , यो वर्तमान पुस्ताको सामु रहेको एउटा गहन जिम्मेवारी र अभिभारा हो ।

हाम्रो राष्ट्रिय संस्कृतिमा जोगाउनु पर्ने उपरोक्त पक्ष हो भने, त्यसले फाल्नु पर्ने दोस्रो पक्ष (सामन्ती फोहर मैला) हो । नेपालमा सामन्ती-सामाजिक व्यवस्था लामो समय देखि रहेर आएको हो र नेपाली समाजका सबैजसो क्षेत्रहरूमा सामन्ती विचारधाराहरूको प्रभाव गहिरो रूपमा रहेको छ । यस तथ्यले विभिन्न रूपमा आफूलाई अभिव्यक्त गरिरहेको हामी पाउँछौं । सानो मात्राको उत्पादन अनुरूपको अनुदारवादी प्रवृत्ति र संकीर्णता, सनातनता र प्राचीन चीजहरूप्रति अति सम्मान, व्यक्ति-पुजा, चाकडि गर्ने प्रवृत्ति, पुरानीसकेको र मृत चीजहरूको पुनस्थापना गर्ने प्रवृति हानीकारक रीतिथिती र चालचलनप्रति अन्धभक्ति, पैत्रिक गोत्रवाद, राजनीतिक भ्रष्टचार, बौद्धिक अस्तव्यस्थता आदि । उपरोक्त सारा खरानी तथा फोहर मैलाले नेपाली समाजको घाँटी थिचेर राखेका छन् । सामन्ती संस्कृति जीवनमा गहिरोसित घुसेर त्यसको विकासलाई अवरुद्ध पारिरहेको छन् ।

नेपाल एक अल्पविकसित मूलुक हो र अल्पविकासको सामान्य विशेषता स्वरूप यहाँका आम जनता, श्रमिक, जनसमुदायहरू लामो समयदेखि माथि उल्लेखित खराबीहरूको बोझले थिचेर रहेका छन् । सामन्ती अवशेषहरूको प्रभाव कतिसम्म व्यापक रहेको छ भने साधारण जनसमुदायहरूको जीवनशैली, व्यवहार र आचारणमा मात्र होइन, आफूलाई क्रान्तिकारी नेता, प्रगतिशिल विचारका समर्थक वा ठुला लोकतन्त्रवादी ठान्ने धेरैजनाको जीवन शैली व्यवहार र आचरणमा पनि तिनको अभिव्यक्ति भइरहेको हामी देखिरहेका छौं । व्यक्तिवाद, स्वार्थीपन, सांगठनिक भावनाको कमी, अनुशासनहीनता, अहंकार, स्वेच्छाचारिता आदि त्यसकै प्रभावका अभिव्यक्ति हुन् । त्यसका अतिरिक्त हाल यता मूलुकमा भइरहेको पुँजीवादको, खास रूपले व्यापारिक पुँजीवादको विकासद्वारा उत्पन्न बढ्दो राजनीतिक भ्रष्टचार, घुसखोरी राष्ट्रिय सम्पत्ति लुट आदि मूलुकमा व्यापक रूपमा फैलिदै छ र त्यसले मानिसलाई पथभ्रष्ट पार्ने आफ्नो शक्तिको प्रदर्शन गर्दैछ । त्यसका साथै मुलुकमा साम्राज्यवादी संस्कृतिको प्रभावको पनि विस्तार भईरहेको छ, र यस संस्कृतिको मुख्य उद्देश्य मानिसलाई पशुसरह बनाउनु, लोभलालच मात्र भएको तर दिल नभएको पार्नु, मानिसलाई अरुको जीवन लुटेर भए पनि धनी बन्ने लालसले लिप्त बनाउनु रहेको छ ।

यसरी हामी के देख्छौ भने नेपाली समाज र आम नेपाली जनतामा एकातिर परम्परागत रूपमा रहेका सामन्ती फोहर मैलाद्वारा थिचिएका छन् भने अर्कोतिर व्यापारिक तथा दलाल पुँजीवादी र साम्राज्यवादी संस्कृतिका भ्रष्टीकृत मानवताविरोधी बढ्दो प्रभाव अन्तर्गत रहेका छन् । उक्त भ्रष्ट संस्कृतिका तत्वहरू सामाजिक जीवनको विकास सँगसँगै विकसित हने गर्छन र तिनलाई विचार-प्रचार र अभियानद्वारा मात्र कदापि खतम पनि सकिदैन । प्रचार र अभियानका साथै, समाजको पुरै जनवादीकरण र जनवादी संस्कृति र शिक्षाको विकास, समाजको क्रान्तिकारी रूपान्तरण मार्फत मात्र तिनलाई विस्तार हटाउन सकिन्छ ।

## कविता

*माओले आफ्नो प्रिय भूमि, प्रिय पहाड चिङ्काङ्बारे केही कविता लेखेका थिए । संस्कृतिविद् सत्यमोहन जोशीले चार दशकअघि नै माओका कविताहरूको नेपाली भाषामा अनुवाद गरे । जोशीद्वारा अनुदित 'माओ च तुङ्का कविताहरू' नामक पुस्तकमा संग्रहित चिङ्काङ पहाडसित सम्बन्धित दुई कविता :*

### चिङकाङ पहाड

पहाडका फेदीमा हाम्रा झन्डा र निशानहरू फर्फराउँथे
माथि शिखरमा हाम्रा बिगुल र ढोलकहरू बज्दथे
हजारौं गुना बलियो शत्रुद्वारा हामीहरू घेरिएका थियौं
तैपनि हामीहरू निडर र अविचलित नै भै बसेका थियौं

हाम्रो सुरक्षा फलामे भित्ता सरी नै बलियो थियो
हाम्रो संकल्प पनि किल्ला सरी नै संयुक्त थियो
ख्वाङ्याइच्येबाट तोपको ठूलो गर्जन के निस्केको थियो
रातारात नै शत्रुको सैन्य अनि भागेर गएको थियो ।

### चिङकाङ सानमा फेरि पुग्दा



मैले धेरै समयदेखि आकांक्षा सँगालेको छु
बादलहरूलाई छुने
फेरि म आएको छु टाढाबाट
चढ्न भनेर चिङकाङ सान,
त्यो हाम्रो पुरानो आश्रय थलो
विगत दृश्यहरू फेरिइसकेका छन्

ओरियल चराहरू गाउँछन्
भीर-गौंथलीहरू कावा खाँदै उड्छन्
कलकल गरेर बग्छन् चारैतिर सोतोहरू
र बाटो अक्कासिँदै माथितिर लाग्छ
एकपल्ट ह्वाङ याङ चेलाई पार गरेपछि
अरु कुनै पनि भयंकर ठाउँले आँखा तान्दैन

बतास र चट्याङ चलायमान भइरहेछन्
ध्वजा र पताकाहरू उडिरहेछन्
जहाँ जहाँ मानिसहरू बस्दछन्
अठ्तीस वर्षहरू सडेर गइसके
यसो आँखा झिमिक्क गर्दैमा

हामी नवौं लोकमा चन्द्रमालाई अँगालो हाल्न सक्छौं
र पञ्चसिन्धुहरूमा गोटा खाएर कछुवाहरू समात्न सक्छौं
हामी विजयका गीत र खित्काहरूका माझ फर्कने छौं
यो संसारमा गाह्रो भनेको कुनै कुरो छैन
चुलीहरूलाई नाप्ने आँट तिमी गर्दछौ भने ।

## नयाँ जनवादी...

कार्यालय बुद्धनगरमा आयोजित पत्रकार घेटघाटमा पत्रकारहरूले सोधेको प्रश्नको जवाफ दिंदै महासचिव किरणले दक्षिणपन्थी र वामपन्थीहरूको कथित ध्रुवीकरणले खडा गरेको चुनौती र छेरेको भ्रमलाई चिर्न सम्मेलन सफल भएको दावी गरे । उनले भने, "सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूबीचको एकता र ध्रुवीकरणका लागि नेकपा (मसाल, नेकपा (विप्लव) र नेकपा (ऋषि कट्टेल)सँग कुराकानी भइरहेको छ ।"

सम्मेलनमा प्रस्तुत 'राजनीतिक प्रतिवेदन', 'नेपाली समाजको स्वरूप र पार्टीको आम कार्यदिशा', 'नयाँ जनवादी क्रान्तिको सामरिक कार्यदिशा', 'विधान' सर्वसम्मतले पारित भएको पनि महासचिव किरणले पत्रकार सम्मेलनमा बताए ।

सम्मेलनमा प्रस्तुत दस्तावेजमाथि नौं वटा समूह बनाएर छलफल बहस चलाइएको थियो । समूहमा उठेका दस्तावेजमाथिका मत, र सुझाव समूहमा चुनिएका नेताहरूले प्रस्तुत गरेका थिए । हलबाट आएको सुझाव र मतहरूको विषयमा नेताहरू किरण र श्रीसले स्पष्टीकरण दिएपछि दस्तावेजहरू पारित गरिएको थियो । सम्मेलनले ११ बुँदे समसामयिक प्रस्तावहरू समेत पारित गरेको छ ।

२२ असोजमा भएको सम्मेलनको उद्घाटन सत्रमा नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्त प्रकाश ओली, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कटेल, नेपाल कम्युनिस्ट पार्टी (मसाल)का प्रतिनिधि राम प्रकाश पुरी र वामपन्थी बुद्धिजीवी टेकनाथ बरालले क्रान्तिकारी कम्युनिस्ट पार्टी तथा बामपन्थीहरूको एकीकरणमा विशेष जोडदिदै राष्ट्रिय सम्मेलनको सफलताको शुभकामना मन्तव्य प्रस्तुत गरेका थिए भने पार्टी अध्यक्ष किरणले पार्टीको क्रान्तिकारी कार्यदिशालाई थप समृद्ध बनाउने, दक्षिणपन्थी संशोधनवादी गठबन्धनका विरुद्ध क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउने र वर्तमान पश्चगामी राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध जनवादी क्रान्तिको तयारीको दिशामा अगाडि बढ्ने उद्देश्य प्राप्तिका लागि सम्मेलनको आयोजना गरेको बताएका थिए ।

आइतबार जारी गरिएको प्रेस वक्तव्यको पूर्णपाठ यसप्रकार रहेको छ :

२०७४ असोज २२ देखि २६ गतेसम्म नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को प्रथम राष्ट्रिय सम्मेलन पोखरा-लेखनाथ महानगरपालिकाको सुन्दर पर्यटकीय नगरी पोखरामा सुसम्पन भयो । यस ऐतिहासिक राष्ट्रिय सम्मेलनमा पारित गरिएका महत्वपूर्ण निर्णयहरूवारे यस प्रेसविज्ञप्ति मार्फत् सार्वजनिक गरिएको छ ।

**१. उद्घाटन सत्र**

क) केन्द्रीय कार्यालय सदस्य क. गौरवको उद्घोषणमा पोखरा कान्तिपुर पार्टी प्यालेसमा देश तथा विदेशबाट आएका प्रतिनिधि, पर्यवेक्षक, स्वयसेवक, कलाकार, पत्रकार र विभिन्न वाम पार्टीका आमन्त्रित अतिथिहरूले भरिएको एवं राता झण्डा तथा व्यानरहरूले सजिएको विशाल सभाकक्षमा अध्यक्ष क. किरणको अध्यक्षतामा राष्ट्रिय सम्मेलनको उद्घाटन कार्यक्रम सुरु भयो ।

ख) प्रारम्भमा महान् जनयुद्ध तथा विभिन्न जनआन्दोलन सहित राष्ट्रिय र अन्तर्राष्ट्रिय तहका सम्पूर्ण अमर सहिदहरूप्रति एक मिनेट मौन धारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

ग) सामना परिवारका केन्द्रीय कलाकारहरूद्वारा अन्तराष्ट्रिय गीतको गायन भयो ।

घ) अध्यक्ष क. किरणद्वारा पानसमा दीप प्रज्ज्वलन गरी प्रथम राष्ट्रिय सम्मेलनको समुद्घाटन गरियो ।

ङ) केन्द्रीय कार्यालय सदस्य क. राजवीरद्वारा स्वागत भाषण गरियो ।

च) सामना परिवारद्वारा स्वागत गीत गाइयो ।

छ) नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य क. हेमन्त प्रकाश ओली, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष क. ऋषि कटेल, नेपाल कम्युनिस्ट पार्टी (मसाल)का प्रतिनिधि क. राम प्रकाश पुरी र वामपन्थी बुद्धिजीवी टेकनाथ बरालद्वारा क्रान्तिकारी कम्युनिस्ट पार्टी तथा बामपन्थीहरूको एकीकरणमा विशेष जोडदिदै राष्ट्रिय सम्मेलनको सफलताको शुभकामना मन्तव्य प्रस्तुत गरियो ।

ज) पार्टी अध्यक्ष क. किरणद्वारा पार्टीको क्रान्तिकारी कार्यदिशालाई थप समृद्ध बनाउने, दक्षिणपन्थी संशोधनवादी गठबन्धनका विरुद्ध क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउने र वर्तमान पश्चगामी राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध जनवादी क्रान्तिको तयारीको दिशामा अगाडि बढ्ने उद्देश्य प्राप्तिका लागि आयोजित सम्मेलनको सफलताको कामना सहित संक्षिप्त उद्घाटन मन्तव्य प्रस्तुत गर्दै तथा सम्बन्धित सबैलाई धन्यवाद दिदै उद्घाटन सत्रको समापन गरियो ।

**२– बन्दसत्र**

क) बन्दसत्रको सञ्चालनका लागि केन्द्रीय कार्यालय सदस्य क. गौरव, केन्द्रीय सचिवालय सदस्य क. रमेश, केन्द्रीय सदस्यद्वय क. मीना तथा क. अमर परियार र हाउसवाट क. श्रीकृष्ण रहनु भएको पाँच सदस्यीय अध्यक्षमण्डलको निर्वाचन गरियो ।

ख) अध्यक्ष क. किरणद्वारा (१) राजनीतिक प्रतिवेदन, (२) नेपाली समाज स्वरूप र पार्टीको आम कार्यदिशा, (३) निर्वाचन उपयोग सहितका राजनीतिक प्रस्ताव प्रस्तुत गरियो ।

ग) केन्द्रीय कार्यालयका सदस्य क. राजवीरद्वारा पार्टी विधान सम्बन्धी प्रस्ताव प्रस्तुत गरियो ।

घ) क. राजवीरद्वारा कतिपय प्रश्नमा फरक मत सम्बन्धी प्रस्ताव प्रस्तुत गरियो र क. किरणद्वारा ती प्रस्तावबारे स्पष्टीकरण प्रस्ताव समेत प्रस्तुत गरियो ।

ङ) उक्त राजनीतिक दस्तावेज तथा प्रस्तावहरूबारे आवश्यक छलफल तथा बहस गर्नका लागि नौ ओटा समूहहरू बनाइयो र सामूहिक छलफल तथा बहसको प्रक्रिया अगाडि बढाइयो ।

च) सबै समूहका तर्फवाट नेतृत्व गर्नु भएका कमरेडहरूद्वारा समूहमा भएको बहसको निष्कर्ष तथा अभिमतलाई सभामा प्रस्तुत गरियो । साथै, बिच बिचमा केन्द्रीय सचिवालयका सदस्य कमरेडहरूले समेत दस्तावेजहरूवारे आ-आफ्ना धारणा प्रस्तुत गर्नु भयो ।

छ) सम्बन्धित दस्तावेज तथा प्रस्तावहरूवारे प्रस्तुत गरिएका धारणा तथा अभिमतका सन्दर्भमा उठेका विभिन्न प्रश्न तथा विषयका सन्दर्भमा दस्तावेज प्रस्तोता क. किरण र क. राजवीरद्वारा आवश्यक स्पष्टीकरण दिइयो । सबै फरक मतबारे पनि बहस पश्चात् विकसित भएको सन्दर्भमा आवश्यक ध्यान दिदै नयाँ ढंगले आफ्ना अभिमत राख्ने र स्पष्ट पार्ने काम भयो ।

ज) उक्त बहस तथा छलफल र स्पष्टीकरण पश्चात् अध्यक्ष मण्डलका तर्फबाट सम्बन्धित दस्तावेज तथा प्रस्तावहरूलाई एक एक गरी निर्णयार्थ सभा समक्ष प्रस्तुत गरियो र ती सबै प्रस्तावहरूलाई सर्वसम्मत रूपमा पारित गरियो । यसै सन्दर्भमा कतिपय कमरेडहरूले आ-आफ्ना फरक अभिमत पनि अभिलेखका रूपमा सभा समक्ष दर्ज गर्नुभयो ।

सम्मेलनद्वारा पारित गरिएका दस्तावेज तथा प्रस्तावहरूको सारसंपेक्ष यस प्रकार रहेको छ :

● सामाजिक तथा आर्थिक रूपमा नेपाल अर्ध सामन्ती, अर्ध औपनिवेशिक र मुख्यतः नवऔपनिवेशिक अवस्थामा रहेको स्वीकार्दै दलाल तथा नोकर शाही पुँजीपति एवम् सामन्त वर्ग र साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध परिलाक्षित नयाँ जनवादी क्रान्तिको आम कार्यदिशालाई थप समृद्ध तुल्याइएको छ ।

● विकसित हुँदै आएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति र राजनीतिक शक्तिहरूको थप अध्ययन गदै दुई वा तीन दलीय सिण्डिकेट प्रणाली जन्मिएको तथा लोकतन्त्रका नाममा फासिवाद हुकिर्न थालेको, कम्युनिस्ट नामधारी दक्षिणपंन्थीहरूको प्रतिक्रियावादीकरण भएको र अन्तर र्ाष्ट्रिय रूपमा विश्वयुद्धको खतरा पैदा हुन थालेको निष्कर्ष निकालिएको छ ।

● राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका सवालहरूलाई लिई पार्टीद्वारा वर्गसंघर्ष, राष्ट्रिय मुक्ति संघर्ष तथा प्रतिरोध संघर्षलाई नयाँ ढङ्गले संगठित गर्ने र विभिन्न पक्षसित कार्यएकता गरी संघर्षलाई विकसित तुल्याउदै जाने निर्णय लिइएको छ ।

● सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउनका लागि आवश्यक पहल गर्ने नीति स्वीकार गरिएको छ ।

● मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा पार्टीलाई साँच्चैको सर्वहारा वर्गको अग्रदस्ता वनाउने र अनुशासित, एकताबद्ध तथा नयाँ ढङ्गको पार्टी निर्माणमा विशेष जोडदिने गरी पार्टीको विधानलाई थप समृद्ध तथा परिमार्जित गरिएको छ । विधानमा पार्टीको केन्द्रीय समितिमा महासचिवको व्यवस्था मिलाइएको छ ।

● प्रादेशिक तथा संघीय निर्वाचनमा देशभक्त गणतान्त्रिक मोर्चाका उमेदवारहरूलाई सघाई क्रान्तिकारी ढंगले उपयोगगर्ने निर्णय लिइएको छ ।

● फरक मतलाई कदर गर्दै नयाँ ढङ्गले व्यवस्थापन गर्ने र रूपान्तरणको प्रक्रियाका विचवाट अगाडि बढ्ने ठेगान गरिएको छ ।

● विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका विषयमा संमेलनमा समसामयिक प्रस्ताव समेत पारित गरिएको छ ।

झ) अध्यक्षमण्डलका तर्फवाट केन्द्रीय समितिको निर्माणका लागि आवश्यक मापदण्ड सहित पूर्ण केन्द्रीय सदस्य र वैकल्पिक सदस्यको संख्या क्रमशः ७७ र १८ समेत निधारण गरी समग्रमा ९५ स्थानको प्रस्ताव प्रस्तुत गरियो र सर्वसम्मत रूपमा सो प्रस्ताव पारित भयो ।

ञ) त्यस पश्चात् अध्यक्ष मण्डलद्वारा क. गौरवका तर्फवाट केन्द्रीय समितिको पूर्ण सदस्यहरूमा ७७ जनाको नामावली प्रस्तावित गरियो र वैकल्पिक सदस्यहरूबारे पूर्ण केन्द्रीय समितिद्वारा निर्णय लिने प्रस्ताव राखियो । सर्वसंमत रूपमा सो प्रस्ताव पारित गरियो ।

ट) ज्येष्ठ सदस्य क. मानसिंहको अध्यक्षतामा नव निर्वाचित केन्द्रीय सामितिको बैठक वस्यो र क. किरणलाई सर्वसंमत रूपमा महासचिव निर्वाचित गरियो । स्थायी समिति र पोलिट व्युरोको निर्वाचन आगामी केन्द्रीय समितिको बैठकमा गर्ने निर्णय लिइयो ।

**३. समापन सत्र**

● क. गौरवको उद्घोषणमा समापन सत्रको प्रारभ भयो ।

● नव निर्वाचित केन्द्रीय समितिको तर्फवाट महासचिव क. किरणद्वारा (क) पारित कार्यदिशा तथा निर्णयहरूको दृढतापूर्वक कार्यान्वयन गर्ने सामूहिक प्रतिबद्धता जाहेर गर्दै , (ख) राष्ट्रिय संमेलन पार्टीलाई नयाँ ढंगले एकताबद्ध तुल्याउन तथा सही कार्यदिशा पारित गरी वैकल्पिक शक्तिका रूपमा क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई विजयको दिशामा अगाडि बढाउन शानदार रूपमा सफल भएको भन्दै र (ग) संमेलनलाई सफल पार्न सहयोग पुऱ्याउने सम्बन्धित सबैलाई विशेष धन्यवाद दिदै संमेलनको समापन गरियो ।

सूचना


राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

'वर्गबोध'

बजारमा उपलब्ध छ, आफ्नौ प्रति बेलैमा सुरक्षित गरौं ।

**प्रकाशन विभाग**

**वर्गबोध त्रैमासिक**



दैनिकी दुर्वाच्य...

रामचन्द्र हुमागाई



# असोज ९ देखि २९ गतेसम्मको कहाँ के भयो?

**असौज ९ गते ।** विश्वमा नेपाल भन्दा साना देश कति छन्, ती देशहरूको जनसख्या नेपालकै जस्तै हुने हो भने अहिलेको विश्व जनसख्या नै चौवर हुने थियो । ठूला र साना देशहरूको भन्दा अलग्गै पहिचान वोकेको नेपाल किन पछिपरेको छ त ? साँच्चै भन्ने हो भने राजनीतिक अस्थिरता नै मूख्य कारण देखिन्छ । यो अस्थिरता २०७३ सालमा जारी भएको सम्विधानले पनि समाधान गर्न सकेन भन्दा फरक पर्दैन । यतिलामो सँघर्ष र बिचार मन्थनबाट जारी भएको सम्विधान आम जनताको पक्षमा हुनुपथ्र्यो तर धनीलाई अझै धनी र गरिवलाई अझै गरिव बनाउँने यो सम्विधानको नियत देखिन्छ, होइनभने राजनीतिक पार्टीले जीवनभर पार्टीमा गरेको लगानीलाई लत्याएर पैसा, पावर र पाखुरालाई टिकट वितरण गरेर सत्ता हत्याउँने काम गर्दैनथे । हुन त सँसदीय राजनीतिको नियत नै यस्तै हो तै पनि अरुलाई हेरेर आफू सुध्रनु पर्नेमा तँ भन्दा म के कम भन्ने धारणा फस्टाएको छ ।

**असौज १० गते ।** मानिसमा विबेक हराएको छ, त्यसैले त अत्यावश्यक सेवामा पनि हड्ताल भैरहेको छ । स्वास्थ्या र शिक्षा क्षेत्रमा यो देशले कहिल्यै स्थायित्व कायम गर्न सकेन । २०३६ सालदेखि उठेको शिक्षक समश्याको समाधान आजसम्म पनि भएको छैन । उपचारको क्रममा लापरवाही भएर मानिसको ज्यान गयो भने उपचार गर्ने डाक्टर आफैंले पीडित पक्षको डिमाण्ड व्यहोर्नुपर्छ भन्ने कानुनी प्रावधानको विरोधमा उत्रिएका डाक्टरहरू काममा फर्किएका छैनन् । यि र यस्ता समश्याको समाधान गर्नु पर्ने सरकार राष्ट्रको ढुकुटी उघारेर कार्यकर्तालाई दशैंखर्च बाँढिरहेको छ । उता पार्टीका ठूला नेता र खजाँञ्चीहरू आगामी निर्वाचनमा कस्ले बढी रकम दिन्छ ? भनेर राजनैतिक नैतिकताको अहालमा डुबुल्कि मारिरहेका छन् भने यस्तो अवस्थामा देशले निकास कसरी पाउँछ ? यता मुखैमा आएको विजया दशमीको अवसरमा रक्सीको विज्ञापनमा, मासुको विज्ञापनमा र भट्टीको विज्ञापनमा पनि दुर्गा भवानीको फोटो रँग्याएर अखवारका पन्ना भरिरहेका छन् । किन यस्तो भयो ? यो हिन्दूधर्म र किन यसरी रछ्यानमा रन्थनिए हिन्दु धर्मावलम्वीहरू ? सज्जन नागरिकले कसरी ध्रैर्यता गर्ने ?

**असौज ११ गते ।** आजको समाचारले बतायो, 'के.यु.के.एल.को डेडअर्ब रूपैयाँ उठेन' त्यो पनि सरकारी कार्यालय र मन्त्रालयको मात्रै । एक त नेपालका मन्त्रालय त्यसमाथि पानी नै नदिई पैसा असुल्ने के.यु.के.एल. कसरी पैसा तिरुन् त ! एकातिर पानीका मुहान जति पानी सप्लाई गर्ने व्यापारीलाई विक्री गरेर कर्मचारी मोटाएका छन्, अर्कातिर पानी सप्लाई हुने पाइप एकसय वर्ष अगाडिका छन्, सयौं ठाउँमा खियालागेर फुटेका छन् । मलमूत्र मिसिनु त मामुलि भैसकेको छ । सरकारी मन्त्रालय मात्रै होईन, सर्वसाधारणले पनि सफा पानी भनेर खान पाएका छैनन् । अतः प्रथमतः के.यु.के.एल.ले पानीलाई पानी जस्तै बनाएर वितरण गर्नुपर्‍यो र बिल बोकेर उपभोक्तामा जानुपर्‍यो । होइनभने पानीको विल विलमात्रै हुने छ र पैसा कसैले तिर्दैन ।

**आसौज १२ गते ।** आज अष्टमी तिथी हो, विजयादशमीको । हिन्दूहरूको महान चाड भनिने यो अष्टमीका दिन लाखौं जनावरको हत्या गरिन्छ र धर्मआर्जनको शँखनाद गरिन्छ । आजको युगमा पनि अत्मनिर्भर हुन नसकेको देशले नवदुर्गालाई बलिचढाउँन पनि विदेशबाट जनावर ल्याउँने चलन छ, अरुकुराको त कुरै नगरौं । वार्षिक ९ खर्बको घाटा व्यापार गरेर पनि यो देशमा चारदर्जन मन्त्री बनेकन छन् ।

**असौज १३ गते ।** २०७४ सालको विजया दशैंको नवमी तिथि हो आज । परम्परावादी ढर्रामा चल्दैआएको हिन्दूहरूको पर्वलाई परिवर्तन गर्ने समेतका नारा लगाएर रक्तपात पूर्ण युद्धमा समेत उत्रिएका नेताहरू उल्टै आफैं परिवर्तन भएर अव त प्रधानमन्त्री निवासमा प्रवेश गर्न समेत तथाकथित भगवानको मूर्ति नवनाई प्रवेश नगर्ने अवस्थामा पुगेका छन् । फलतः सर्वसाधारणमा समेत यसको प्रभाव पर्दै आएको छ र पशुवली दिने सस्कारमा अरू वडावा थपिएको छ । उसै त हिन्दूधर्मावलम्विहरू अरूधर्म मान्नेहरू भन्दा अन्धविशवासी देखापरिरहेको वेला राजनीतिमा समेत धर्मको प्रभाव पर्नु राम्रो लक्षण होइन तर के गर्ने पुच्छर धेरै हल्लाउँने फौजमा उभिएर पुच्छर नहल्लाउँने एउटा मात्रै जनावर देखापर्‍यो भने आश्चर्य हुने नै रहेछ ।

**असौज १४ गते ।** आज दशमी । टिकाटालो गर्ने दिन । मानिसहरू कोही रमाएका छन् त कोही निराश छन् । दशैं कसैलाई दशा पनि सावित भएकोछ । जे होस् चलेकै छ । दुःखको कुरा के भने संस्कृतिलाई परिवर्तन गरेर समानुपातिक बनाउँन सकिएको छैन । पर्दा हट्नुको साटो उल्टो मोतिबिन्दु थपिदै छ ।

**असौज १५ गते ।** प्रचण्डले दशैंको टिका लगाएको समाचारलाई विषय बनाएर केही मानिसहरूले आफ्नो सामाजिक सञ्जालका पाना खर्च गरे । यो कुन आश्चर्यको कुरा भयो र ! हिजो आजको बजारमा जे पनि बिक्री हुन्छ । मासु ब्यापारीले मासु बेच्छ, अस्मिता ब्यापारीले अस्मिता बिक्री गर्छ, पत्रकारले समाचार बेच्छ, मास्टरले शिक्षा बेच्छ र राजनीति गर्नेले मानिसको रगत बेच्छ । प्रचण्डले सोह्रौं हजार नेपालीको लाश बिक्री गरे त के गल्ती गरे ! कम्जोरी त मानिस चिन्न नसक्नु मानिसकै कम्जोरी होइन र ?

**असौज १६ गते ।** संविधानसभाको पहिलो निर्वाचन हुनै लागेको अवस्थामा मधेशवादी नारा लगाएर गृहनगर फर्किएका नेता हृदेश त्रिपाठी लगायतका नेताहरू आगामी निर्वाचनमा पुनः सूर्य चिन्हबाट मैदानमा उत्रिने समाचारले उनीहरूका निर्वाचन क्षेत्रका मद्दाताहरू फेरी एकपटक रन्थनिएका छन् । एक मधेश एक प्रदेश देखि अन्तिमसम्म सँविधानको सँसोधनमा अडिग रहेका नेताहरू एकाएक परिवर्तन भएर मूलप्रवाहमा आउनु त्यति चानेचुने कार्य होइन, यसको स्वगत गर्नैपर्छ । हुन त संसदीय राजनीतिमा नेताहरूको चरित्र यस्तै हुन्छ, त्यसैले संसदीय राजनीति गर्ने नेता र दिनदिनै ओछ्यान र पति फेर्ने महिलामा कुनै फरक पर्दैन भनिएको होला ।

**असौज १७ गते ।** राजनीतिमा कुनै नातागोता, शत्रु र मित्र हुँदैन भन्थे, हो रहेछ । एकवर्ष अगाडिसम्म कुकुर विरालो जस्था भएका नेता आज एउटै मैदानमा एकै पार्टीको निर्वाचन चिन्ह, नसके सहकार्य गरेर निर्वाचन लड्ने अवस्थामा पुगेका छन् । हुन त यो एकता २०४८ सालको निर्वाचनमा नै हुनुपथ्र्यो, हुननसके पछि वामपन्थीहरूले ४४ सिट गुमाएर काँग्रेसको हातमा सत्ता सुम्पियो । पहिलो सम्विधानसभाको निर्वाचनमा हुनुपथ्र्यो । हुन नसकेका कारण कुनै पार्टीको बहुमत आउँन सकेन, आखिर दोश्रो निर्वाचन गराउँनुपर्‍यो । (यि दुवै निर्वाचनको परिणम हेर्दा हुन्छ) । संसदीय राजनीति गर्नेहरूको मति त्यसै यस्तो हुन्छ भनिएको होइन । अब हुने एकता वा सहकार्यको निर्वाचनमा कसरी जानेहुन । झ्यारझ्यार र डुँरडर नगर्ने हो भने अव एक पटक वामपन्थीको बहुमतिय सरकार बन्छ । कि भ्रष्टचारको दलदलले यिनीहरू पाताल पुग्छन् कि देशले निकास पाउँछ, हेर्न वाँकी छ ।

**असौज १८ गते ।** २००६ साल देखि बिभिन्न गल्लीमा आआफ्नै पसल थापेर बसेका नेपालका कम्युनिस्ट पार्टीहरूले अन्ततः आज आएर आगामी निर्वाचनमा सहकार्य गरेर 'एक वाम एक ठाम'को नीति लिएर निर्वाचन लड्ने निर्णय गरेका छन् । हुन त एकतासम्मको ६ बुँदे समझदारीमा हस्ताक्षर भैसकेको छ ता पनि यसलाई विश्वास गर्न सकिँदैन । गिद्दले सिनो देखेपछि साथीलाई पनि मार्छ भन्ने उखान नेपाली राजनीतिमा बारम्वार देखापर्ने गरेको छ तर निर्वचनमा एकवाम एक ठामले पनि निकै काम गर्ने छ कम्सेकम हसिया हथौडाको दुरूपयोग त हुने छैन । आखिर संसदीय भासमा उभिएर घाँस खाने बाँनी त राम्रै पर्छ नि ! जे होस् ढिलै भए पनि छोरो नै जन्माउँने परीपार्टी राम्रैलागेको छ ।

**असौज १९ गते ।** नेपालको इतिहासमा यो वर्ष निकै उल्लासमय रहने नै भयो । कहिल्यै नभएको स्थानीय तह देखि संसदको निर्वाचन पनि यसै वर्ष हुने भयो । नेपाली राजनीतिमा पनि यो वर्ष ऐतिहासिक नै रहने छाँट देखापर्दैछ । झण्डै सात दशक नेताहरूको झोलाझोलामा रहेका वामपन्थी गुटहरू पार्टीमा परिणत हुने सँकेत पाइएको छ भने 'मानिसको स्वतन्त्रता मेरै हातको लड्डु' सम्झिने नेपाली काँग्रेस पनि मण्डले, कुण्डले र पृथकतावादीहरूसँग मिलेर ठुलै पार्टी बनाउँने मुडमा छ । यदि यि दुबै कार्यहरूले सफलता पाए भने नेपालले नयाँ मोड लिनेछ तर जनताका लागि जनताले नै फेरि एकपटक लड्नुपर्ने अवस्था भने बाँकी नै रहने छ । हेरौं वामएकताको प्रयासले कतातिर ध्यानदिन्छ ।

**असौज २० गते ।** एमाले, माओवादी केन्द्र र नयाँशक्ति बीचको अप्राकृतिक गठबन्धनपछि नेपालको राजनीतिमा ८ म्याग्नीच्यूडको भूकम्प गएको छ । एकहप्ताको अन्तरालमा उथुलपुथुल भएको राजनीतिले नेपाली काँग्रेसको मथिङ्ल त थिलोथिलो हुने नै भयो, माओवादी केन्द्रको समर्थनमा बनेको सरकार ५ महिना पनि नपुग्दै घाटजाने तयारीमा छ । हुन पनि देशको अर्थतन्त्रले थग्नै नसक्ने ५६ जनाको मन्त्रीमण्डल बनाएर प्रधानमन्त्री शेरवहादुर देउवाले मुलुककै नाक काटिदिएका थिए । अब नयाँनिर्वाचको म्याद एकमहिना चानचून हुँदा पनि मण्डले, कुण्डले र मुसदण्डेहरूलाई मन्त्रीमण्डलमा समावेश गराएर सरकार वनाउँने गृहकार्य गर्दैगरेको जानकारीमा आएको छ ।

**असौज २१ गते ।** यतिवेलाका राजनीतिक हस्ती भनौं या चाटुकार नेताद्वय वली–प्रचण्डले 'आगामी निर्वाचनमा सहकार्य' गरेर जाने निर्णय गरेर एकाएक राजनीतिमा ८ म्याग्नीच्यूटको भूककम्प ल्याइदिएपछि ससाना परकम्पनहरू जानेक्रम एक हप्ता वितिसक्ता पनि रोकिएको छैन । लोकतन्त्रको मूल खम्वा भनिएको तर केराको रुखजस्तो उभिएर थाम्न केही नसक्ने नेपाली काँग्रेस देखि भारतको गुन्युचोलो लगाएर तराईमा नाच्न खोज्ने तर स्थानीय तहको निर्वाचनमा जनताको मत होइन चप्पल खाएर रन्थनाएको राजपा समेत जो जोसँग कुरा मिल्छ उहीउहीसँग गर्धन जोडेर आगामी निर्वाचनमा उत्रने तयारी गरिरहेका छन् । वली–प्रचण्डले फ्याँकेको यो जालले अरुलाई बडारेर उनीहरूको मात्रै घैला भरिदिने हो कि उनीहरू बडारिएर अरुको थैली भरिने हो जान्नका लागि निर्वाचन नै पर्खिनुपर्ने भएको छ ।

**असौज २२ गते ।** एमाले र माकेको लगनगाँठो बाँधिएको आज पाँच दिन भयो, यि पाँचै दिनमा जस लिने होडबाजि शूरु भैसको छ, हिजोको एउटा कार्यक्रमा माकेका अध्यक्ष प्रचण्डले मुखै फोरेर भने 'यो प्रस्थाव मेरो हो' । यो नेपाली वर्णमालाको अक्षर 'म' अत्यन्तै खतरा छ । यसैबाट बन्ने शब्द म र मेरोले निकै ठाउँमा, निकै मानिसलाई नोक्सान पुर्‍याएको पनि छ । कैयन पति–पत्नीका घर बिग्रिएका छन् । मनिषा कोईराला एक उधाहरण हुन । अदृश्य रूपमा यस्ता उधाहरण धेरै छन् । त्यसमाथि राजनीतिमा, त्यो पनि वाम राजनीतिमा त यो म र मेरो भन्नेशव्द सानोतिनो महारोग जस्तै भैसकेको छ । अहिले पनि प्रचण्डले नेपाली काँग्रेसका शेरवहादुर देउवासँग रातारात पारपाचुके गरेर भोलिपल्टै एमालेका केपीसँग पुर्नविबाह गरेका हुन । हिन्दूधर्ममा रातारात पति फेरेर नयाँ पतिसँग विबाह गर्ने महिलालाई चरित्र हीन महिला भनिन्छ, परिस्थितिको शिकार भनेको अर्कै कुर हो । त्यसैले नयाँपतिसँग लामै सहवासमा वस्ने हो भने यो म र मेरो भनि वकवक गर्ने थुतुनोलाई नियन्त्रणमा राख्ने हो कि ?

**असौज २३ गते ।** नेपाली काँग्रेसले बुहारी तरलगाउँन छोरीको नाक काट्ने तयारी गरिरहेको छ । एमाले–माके एक भएपछि दुर्जन जस्तो भएको काँग्रेसले लोकतन्त्रको नाममा कुकुरको मूत्रले न्वाएर 'डेमोक्र्याट' बनेका पञ्चहरूको त्यो पनि कमल थापाले नेतृत्व गरेको राप्रपालाई सरकारमा भित्र्याएर आफूपछिको शक्तिशाली मन्त्री बनाउँने तयारीमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले कसको नाक काट्ने तयारी गरेका हुन ? आफ्नै कि एकमाले–माकेको हो ? उनी आफैं जानुन तर फेरी एकपटक देउवा अक्षम सावित भैसकेका छन् ।

**असौज २४ गते ।** एमाले–माके नजिकिएपछि नेका भित्र निकै ठूलो भूकम्प गएछ, अनुमान गरेभन्दा पनि ठूलो । नेकाका नेताहरू अलिकति पेट गडवड भयो भने आची गर्न वा काठमाडौंमा खाना खाएर चुठ्न दिल्ली पुग्ने गर्थे र दिल्लीले जे निर्देशन दियो त्यही पालना गरेर नेपाली स्वाभिमानको खिल्ली उढाउँथे । यो कुराको जानकार नेपाली जनता पनि थिए र वेलबेलामा चर्चा पनि हुनेगरेको थियो र कतिपय मानिसहरू विश्वास पनि गर्दैनथे तर अहिले आएर पुष्टिभयो नेकाकै नेताहरूबाट । के वोल्दा कस्तो असर पर्छ आफैंलाई थाहा नहुने नेताहरू भित्रभित्रै गुम्सिएर बसेका रहेछन् र मुख फोरिहाले 'यो वाम एकता चीनले गरिरहेको हो' । यदि हो भने एमाले–माके नेता केपी र प्रचण्डलाई मान्नेपर्छ यिनीहरूले बाहिरी षढयन्त्रका साथै भित्री षढयन्त्र पनि एकैपटक भण्डाफोर गरिरहेका छन् । होइनभने नेकाले अव झोलीतुम्मा बोकेर बनारशको बाटो लागेहुने पो दखिन्छ त । भिरबट लड्नजाने गोरुलाई रामराम भन्ने मात्रै हो काँधै हालेर थाम्न कसले सक्छ र ! कि कसो हो ? समाजवादी क्रान्ति विना देशले निकास पाउँदैन भन्नेहरूलाई लुतो न कनाई ।

**असौज २५ गते ।** निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष शरद गौचनलाई उनैको घर अगाडि साफ्ट सुटरले गोली हानेर ठहरै पारेपछि काठमाडौंमा सुरक्षाको रडाको मच्चिएको छ । समाज असुरक्षित दुई करणले हुन्छ, एक पैसाले दोश्रो स्तन्त्रताले । स्वतन्त्रता बढी भएपछि पैसा पनि बढी आर्जन गर्ने नै भयो । फलस्वरूप पैसा नहुनेहरू पछिलाग्छन् र मुहमागे रकम प्राप्त भएन भने मनमुटाव हुन्छ र उसको हत्या गरिन्छ । नेपालले त निर्वाचन हारेको मुद्दा पनि न्यायाधिशले हराई दिएको झोकमा सर्वाच्चकै न्यायाधिशलाई सुट गरिएको इतिहास बोकेको छ । त्यसमाथि सुरक्षा निकाय कै मिलिमतोमा सडककै यत्रामा परलोक हुनेहरूको लाईन थपिदैछ । अर्को असुरक्षा हुने भनेको स्वतन्त्रता र शान्ति सँगैहिड्न सक्तैनन्, किन ? भन्नु होला यि दुवै एउटा लोग्ने मानिसका दुई श्रीमती जस्तै सौता–सौता हुन । शान्ति अघि बढ्न खोज्यो भने स्वतन्त्रताले भाँझो हाल्छ, स्वतन्त्रताको तगारो शान्ति हुन्छ । त्यसमाथि हाम्रोजस्तो आर्थिक उताउलो रहेको समाजमा चाडपर्व मनाउँन कै लागि पनि बन्दुक हानाहान हुन्छ, अनि कसरी समाज नचिच्याई बस्न सक्छ ।

**असौज २६ गते ।** एमाले–माकेको निर्वाचन एकताप्रति लक्षित गर्दै एकजना कालाकाँग्रेसले भने, 'हसिया र हतौडाले अब दशवर्ष खायो तर कम्युनिजम भने आउँने भएन' । हिजो एउटा चिया बैठकमा भएको यो वार्तालाई मैले आज रातभरी सोचें, 'नभन्दै यो तर्कभित्र सत्यता रहेको पाइयो । के नेपालमा अब साम्यवादी क्रन्ति हुन्छ त ? एमाले झुण्डमा झुम्मिएका वामपन्थीहरू हसिया र हथौडा बेचेर स्वार्थको थैली भर्नमा नै व्यस्त छन् भने केही गर्छु भन्ने वामपन्थीहरू १० वर्षे जनयुद्ध पछि टुट र फुटको चोट अझै पनि निको नभएको वेना वोकेर सडकमा भौतारिरहेका छन् । यस्तो अवस्थामा कसरी लक्षमा पुग्न सकिएला र !

**असौज २७ गते ।** सन्सारभर एउटा यस्तो जनावर छ, त्यो जनावरले आफैं आची गर्छ र आफैं पछाडि फर्केर खान्छ । त्यो जनावरको नाम कुकुर हो । जुन नेपालका गल्लीगल्लीमा पनि पाईन्छ । यो जनावरको नाम यहाँ लिनु किन पर्‍यो भने अहिले नेपालमा त्यही कुकुरको स्वभावसँग मिल्दोजुल्दो राजनीति भैरहेको छ र दलका नेताहरू आफूमात्रै सर्वेसर्वा भएर त्यही कुकुरले झैं लाज पचाइरहेका छन् । आजको यो प्रसँग भनेको निजामती कर्मचारीलाई राजनीतिक प्रभावमा पार्नु र तिनै कर्मचारीलाई आगामी सँसदमा पनि समानुपातिक सिटमा सिफारिश गरेर हिड्नु । निजामती कर्मचारी भनेका सिभिल सर्भेन्ट हुन तर जनताको नाममा उनीहरूलाई नै पोस्ने काम गरिरहेका छन् र समानुपातिक सिटमा एमालेले २० जना, नेपाली काँग्रेसले १० जना, माओवादी केन्द्रले ५ जना र नयाँशक्तिले दुईनजालाई सिफारिश गरेको जानकारीमा आएको छ । यता जीवनभर सिद्धान्तको राजनीति गरेर कँगाल भैरहेका छन् भने अर्कातिर खातमाथी खात आम्दानीको ढोका खोलेर पुरातनवादी सँस्कारलाई पृष्टपोषण गरिरहेको देख्ता र सुन्दा जनता निराश हुन थालेका छन् । आखिर जनता जनार्दन के नै गर्न सक्छ र !

**असौज २८ गते ।** अन्ततः शेरबहमदुर देउवाले आफ्नो अक्षमता देखाइहाले, इतिहासमै सबैभन्दा ठूलो ६४ जनाको मन्त्रीपरिद् बनाएर, त्यो पनि कमल थापलाई गृहमन्त्री बनाउँनु नै देउवाको अक्षमता हो । यसबाट के प्रमाणित हुन्छ भने आफू प्रधानमन्त्री भैरहन पाए भने देउवाले हिन्दूधर्म प्रधान देश पनि घोषणा गर्ने नै भए । परिआए राजसँस्था पनि पर्काउँने नै भए । यस्ता नालायक व्यक्तिलाई नेता बनाएर काँग्रेसले आफ्नो भविश्य नै अन्धकार तिर धकेलेकोमा सच्चा समाजवादी काँग्रेसीहरू निराश भएको देखिन्छ । आजको महत्वपूर्ण समाचार यो एउटा हो भने अर्को समाचार मेची देखि महाकालीसम्मका काँग्रेस, एमाले र माओवादी नेताहरू राजधानीमा ओइरिएका छन् । सँघीय र केन्द्रको निर्वाचनमा आफ्नो हातमा टिकट पार्न राजधानी ओइरिएका हुन्, कुनै नीतिनिर्माण गर्न वा कार्यान्वयनका लागि होइन । सिधासाधा नेपाली जनतालाई भ्रमको खेतीमा अल्मल्याउँ र निर्वानच जितेर राष्ट्रिय ढुकुटीमा हालीमुहाली गरौ भन्ने उनीहरूको मूल धारणा देखिन्छ । आआफ्ना नजिकका र चिनेजानेका नेताको घरघरमा लामवद्ध भएर निस्किएका यि नेताहरूमा कुनै खालको परिवर्तन देखिदैन ।

**अस ौज २९ गते ।** अन्ततः शेरवहादुर देउवा नाङ्गिए । ६४ जनाको मन्त्रीपरिषद्का नाइके बनेका देउवा पछिल्लो पटक कमल थापाको नेतृत्वमा सरकारमा गएको फौजलाई राष्ट्रपति भवनमा सपथ गराउँने क्रममा आफ्नो मर्यादा नै विर्सिएछन् र उठ्नै भुले । क्यामरामा आधा कैद भैसकेपछि बल्ल कसैले चाल पाएर उठ्न आग्रह गरेपछि मात्रै दउवा झस्किदै उठेका थिए र सुरक्षा निकायले यो भन्दा अगाडि भएको सबै रेकर्ड क्यामराम्यानहरूलाई मेट्न लगाएका थिए । सधैं सुरामा झुम्मिएर बस्ने, सुरा तानेन भने कामै गर्न नसक्ने अवस्थामा पुगेका देउवाले त्यो दिन निकै पिएको अनुभव हुन्थ्यो । नेपालका टेलिभिजन च्यानलहरूले पनि अन्य कार्यक्रमहरू हानथाप गरेर प्रशारण गर्ने गर्थे तर हिजो शनिवार भएको त्यो समारोहको प्रत्यक्ष प्रशारण गरेका थिएनन् ।

## कथित...

बन्ने पार्टीको नाम कम्युनिस्ट पार्टी नरहने पनि त्यत्ति कै संभावना रहेको छ । यो स्थितिमा नेपाली जनताले यो एकता प्रक्रियालाई पुरै साथ दिन्छन भन्न सकिंदैन । त्यसमाथि माकेमा रहेर पनि आजसम्म निश्चित आदर्श र विचार बोकेका कतिपय ईमान्दार क्रान्तिकारीहरू आफ्नो नेतृत्वले एमालेमा विलय हुन गरेको निर्णय प्रति आक्रोसित छन् र आलोचक देखिएका छन् । यसले क्रान्तिकारीहरूका बीचमा हुने धुवीकरणको नयाँ संभावना तर्फ ईंगित गर्दछ । यो क्रान्तिका लागि निकै सकारात्मक कुरा हो । यसलाई पार्टीले गंभीरतापूर्वक आत्मसात गर्नु पर्दछ ।

यसरी नेकपा (एमाले), नेकपा (माके) र नयाँ शक्ति पार्टी, नेपालका बीचमा हुने भनिएको एकताले दक्षिणपंथी खतराको थप चुनौती र क्रान्तिकारीहरूका बीचमा नयाँ ध्रुवीकरणका दुवै संभावना बोकेर आएको छ । प्रेस सम्मेलनका क्रममा पुष्पकमलले अब हुने निर्वाचन पछिको दुई-तिहाईको बामपंथी सरकारले नेपालमा समाजवादी क्रान्तिका लागि आधार निर्माण गर्ने छ र त्यसले विश्व समाजवादी क्रान्तिको नयाँ मोडेल विकास गर्ने छ भनी औषधी बेच्ने चटकेले चौबाटोमा गर्ने जस्तो भाषण पनि गरिसकेका छन् । साम्राज्यवादी स्वार्थ र ईसारामा हुन गैरहेको यो अवसरवादी एकता र दक्षिणपंथी हावाका बिरुद्ध यतिबेला क्रान्तिकारीहरूले जति दरो वैचारिक संघर्ष चलाउन सक्छन् र चटके भाषणको भण्डाफोर गर्न सक्छन् त्यति नै छिटो नेपालमा नयाँ क्रान्तिकारी ध्रुवीकरणको संभावना बढने परि स्थिति बनेको देखिन्छ । दक्षिणपंथी हावाका विरुद्धको भीषण वैचारिक सघर्ष नै क्रान्तिकारी ध्रुवीकरणको आधार हो भन्ने कुरालाई एउटा ईमान्दार कम्युनिस्टले कहिल्यै विर्सन हुदैन ।

कथित वामध्रुवीकरणको यो अभियान संगै नेपाली कांग्रेसले पनि 'वाम' ईतरको प्रजातान्त्रिक मोर्चा निर्माण गर्ने प्रक्रिया अगाडि बढाई सकेको छ । अबका दिनमा नेपालमा संसदवादी पार्टीहरू दुई ध्रुवमा केन्द्रीत हुने छन्, उक्त ध्रुवहरूका बीचको आपसी अन्तरविरोध अरु चर्केर जाने छ, विभिन्न खाले साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरू यी नै दुई ध्रुवमार्फत नेपाली संसदमा टक्कराउने छन् र नेपालमा वाह्य हस्तक्षेप अरु बढने छ । क्रान्तिकारीहरू संसदीय संघर्षमा निस्प्रभावी हुने छन् तर उनीहरूका निम्ति सडक भने पुरै खाली रहने छ । यी कुराहरू नेपालमा घरेलु प्रतिक्रियावाद र साम्राज्यवादी हस्तक्षेपका विरुद्ध सडक आन्दोलनको विकासका लागि अनुकुल हुने छन् ।

तर, के कुरा स्पष्ट छ भने आउने दिनमा हिजो कै तरीकाले मात्र नेपालमा क्रान्तिकारी आन्दोलनको विकास गर्न संभव छैन । पार्टीले विचार, राजनीति, संगठन र संघर्षका सबै मोर्चाहरूमा कामलाई व्यवस्थित गर्न विशेष जोड दिनु पर्दछ । त्यसका लागि तत्काल पार्टीले क्रान्तिकारी ध्रुवीकरण र नयाँ ढङ्गको पार्टी निर्माण, कार्यदिशाको समृद्धिकरण, संयुक्त मोर्चाको निर्माण र योजनावद्ध रूपमा वर्गसंघर्षको उठानको प्रश्नलाई तात्कालिक योजनामा समेटनु जरुरी छ ।

यति बेला हाम्रो पार्टी राष्ट्रिय सम्मेलनको संघारमा छ । यो सम्मेलनको कार्यसूचीमा सामान्यतः उपरोक्त विषयहरू नै रहेका छन् । तर, यहि आश्वीन १७ गते एमाले, माके र नयाँ शक्तिका बीचमा जुन पार्टी एकता संयोजन समितीको निर्माण भयो त्यसले कथित वामध्रुवीकरणको विरुद्धमा क्रान्तिकारी ध्रुवीकरणका लागि एउटा अनुकुल वातावरण पनि सिर्जना गरेको छ । यो सम्मेलनले अवसरवादी ध्रुवीकरणको सशक्त भण्डाफोर गर्दै नेपालमा धेरै समूहमा छरिएर बसेका क्रान्तिकारीहरूलाई मार्क्सवाद-लेनिनवाद-माओवादका आधारमा एउटै क्रान्तिकारी केन्द्रमा ध्रुवीकृत हुन, नयाँ जनवादी क्रान्तिका लागि राजनीतिक तथा सामरिक कार्यदिशालाई थप समृद्ध गर्न र क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन जोरदार आह्वान गर्नु पर्दछ र पार्टीले त्यसका लागि आवश्यक पहल पनि लिनु पर्दछ । यसरी नै कथित बामध्रुमीकरणले तत्काल पैदा गरेको चुनौतीलाई परास्त गरेर नेपाली कम्युनिस्ट आन्दोलनलाई दक्षिणपंथी खतराबाट जोगाउन र नेपाली क्रान्तिको कार्यभारलाई अगाडि बढाउन सक्दछौं ।

*आश्विन १९, २०७४*

## 'मुठ्ठी'...

गजुरेलले जानकारी दिए ।

देजमोले चुनावी घोषणा पत्र लेखनका लागि सी.पी. गजुरेल, परि थापा, कमल चौधरी, के.बी. गुरुङ र अम्बिका मुडभरी रहेको पाँच सदस्यीय कमिटि निर्माण यस अघि नै गरिसकेको छ । मोर्चाले आइतबार समानुपातिक तर्फको बन्द सूचि निर्वाचन आयोगमा बुझाएको छ भने प्रत्यक्ष तर्फका उम्मेदवारहरूको टुंगो चाँडै लगाउने बताएको छ ।

## नेपाल...

अर्का एक प्रहरी निरीक्षकको टोपीमा समेत यस्तौ संकेत भेटिएको थियो । उनको टोपीको एकातर्फ 'मेरा भारत महान' लेखिएको र अर्कोतर्फ भारतको राष्ट्रिय झण्डा उल्लेख भएको 'स्टिकर' भेटिएको थियो । यस्तो 'स्टिकर' भेटिएपछि उनले तत्काल च्यातेर फालेका थिए ।

प्रहरी संगठनले मातहतका सुरक्षाकर्मीका लागि टेण्डरमार्फत टोपीलगायतका पोशाक खरिद गर्दै आएको छ । प्रहरीको पोशाक भारतीय कम्पनीले उत्पादन गरेको मध्येबाट भित्रिने गरेको स्रोतले बताएको छ । भारतीय कम्पनीले जानाजान यस्तो बदमासी गरेको स्रोतको दाबी छ ।

## सीमा...

चौकीलगायत सुरक्षा संरचना निर्माण गरेको बताउँदै सीमा व्यवस्थापन गर्न कुनै किसिमको नियमन आवश्यक रहेको जानकारी दिएका थिए । उनले जनताको आवागमन प्रभावित नहुने गरी सीमा व्यवस्थापन चुस्त राख्न सके अन्तरदेशीय सीमापार अपराध नियन्त्रण हुने बताएका थिए । उनले दुई देशबीच हवाई यात्रामा राहदानी या नागरिकता चाहिएजस्तै जमिनबाट यात्रा गर्दा दुई देशका जनतालाई सोही खालको व्यवस्था गर्दा उपयुक्त हुने बताएका थिए।

सन् १९५० को शान्ति तथा मैत्री सन्धि परिमार्जन गर्न नेपाली प्रबुद्ध समूहले भारतीय पक्षसँग राखेको प्रस्तावमा भारतबाट अहिलेसम्म ठोस जवाफ नआएको ईपीजीमा नेपालतर्फका एक सदस्यले बताए । समूहको नोभेम्बर दोस्रो साता दिल्लीमा बस्ने बैठकले दुवै सरकारलाई दिने प्रतिवेदनको खाका बनाउन सुरु गर्ने अपेक्षा गरिएको छ । नेपालतर्फका ईपीजीका सदस्यले मैत्री सन्धिमा नेपालका लागि असमान मानिएका धारा २, ५, ६ र ७ परिमार्जन गर्न चाहेको भारतीय पक्षसामु पाँचवटै बैठकमा स्पष्ट र खुला रूपमा राखेका थिए ।

## आलोपालो

# क्रान्तिकारी माओवादीको सम्मेलनले पारित गरेका समसामयिक प्रस्ताव



***विश्वमा आणविक हतियार बनाउने र तिनको परीक्षण गर्ने होडवाजी नै चलेको छ । साना र कमजोर मुलुकहरूलाई आणविक हतियार निर्माण नगर्न दवाव दिने तर साम्राज्यवादी मूलुकहरूले उक्त हतियार थुपारी राख्ने कामलाई हाम्रो यो राष्ट्रिय सम्मेलन घोर विरोध गर्दछ ।***

नेकपा (क्रान्तिकारी माओवादी)को २०७४ असोज २२ देखि २६ सम्म सम्पन्न भएको प्रथम राष्ट्रिय सम्मेलनमा प्रस्तुत तथा पारित गरिएका समसामयिक प्रस्तावहरूः

१. यही २०७४ आश्विन १९ गते निर्वाचन आयोगले संघीय र प्रादेशिक निर्वाचनमा थ्रेसहोल्डको व्यवस्था गरेको छ । यो जनताको अमूल्य मतलाई प्रतिनिधी विहिन बनाउने र लोकतन्त्रलाई कथित ठूला पार्टीको नियन्त्रणमा राख्ने घोर अलोकतान्त्रिक कदम हो । हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को प्रथम राष्ट्रिय सम्मेलनले नेपाल सरकारको यस निर्णयको घोर विरोध गर्दछ र यसको तुरन्त खारेजीको माग गर्दछ ।

२. नेपालको हरेक क्षेत्रमा भ्रष्टाचार निकै मौलाउँदै गैरहेको छ । भ्रष्टाचारलाई नियन्त्रण गर्नुको साटो राज्यका अंगहरू नै सस्थागत भ्रष्टाचारमा डुबेका छन् र न्यायालयले समेत आफ्ना फैसलाहरू मार्फत यसको संरक्षण दिईराखेको छ । हाम्रो पार्टी यसको घोर विरोध गर्दछ र भ्रष्टाचारीहरूलाई कडाईपूर्वक कार्यवाही गरी भ्रष्टाचार नियन्त्रण गर्न सरकारसंग जोरदार माग गर्दछ ।

३. नेपालको सबै क्षेत्रमा दलाल र माफियातन्त्रको विगविगी निकै बढेर गैरहेको छ । कथित ठूला पार्टीका नेताहरू नै यसमा संलग्न रहने र संरक्षणमा लाग्ने गरेका छन् । हाम्रो पार्टीको प्रथम राष्ट्रिय सम्मेलन यसको घोर विरोध गर्दछ र यसको अन्त्य गर्न सरकारसंग जोरदार माग गर्दछ ।

४. खेतीयोग्य जमीनमा गरिने प्लटिङ्ग, अव्यवस्थित सहरीकरण तथा वस्ती विकास र काठमाण्डु लगायत देशका विभिन्न भागमा गरिएका जथाभावी सडक निर्माण र विस्तारले मानवीय जीवनलाई मात्र होईन पर्यावरणलाई समेत नकारात्मक प्रभाव पारिराखको छ । खेतीयोग्य जमीनको संरक्षण गर्न र सहरीकरण, वस्ती विकास र सडक निर्माण तथा विस्तार कार्यलाई व्यवस्थित गरी पर्यावरणीय सन्तुलन समेतलाई जोगाउन यो राष्ट्रिय सम्मेलन नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

५. निजीकरणका नाममा शिक्षा र स्वास्थ्यमा भैराखेको माफियातन्त्र र व्यापारीकरणको हाम्रो पार्टी घोर विरोध गर्दछ । आधारभूत शिक्षा र स्वास्थ्यलाई आम नागरिकको नैसर्गिक अधिकारका रूपमा कार्यान्वयन गरी त्यसको निशुल्क व्यवस्थापन गर्न हाम्रो पार्टीको यो राष्ट्रिय सम्मेलन सरकारसंग विशेष माग गर्दछ ।

६. प्रतिक्रान्ति संस्थागत हुंदै गएको र क्रान्तिविरोधी दक्षिणपंथी अवसरवादीहरूको गठबन्धन बलियो बन्दै गएको वर्तमान सन्दर्भमा हाम्रो पार्टी क्रान्तिकारी कम्युनिस्टहरूका बीचमा एकता तथा ध्रुवीकरणको आवश्यकता बढेर गएको महसुस गर्दछ । यो स्थितिमा पार्टी एकताको प्रक्रियालाई अगाडि बढाउन सच्चा मालेमावादी कम्युनिस्ट पार्टीहरूलाई आह्वान गर्दछ ।

७. भाकपा (माओवादी)द्वारा संचालित आन्दोलनलाई नियन्त्रण गर्ने नाममा भारत सरकारले भारतीय आदिवाशी जनतामाथि चलाएको "अपरेसन ग्रिन हण्ट" नामको सैन्य अभियान हाम्रो पार्टीको यो राष्ट्रिय सम्मलन घोर विरोध गर्दछ र उक्त दमन कार्य तत्काल रोक्न जोरदार माग गर्दछ ।

८. राष्ट्रिय स्वाधिनताको रक्षाका लागि उत्तर कोरियाद्वारा आणविक अशत्र निर्माण गरेको विषयलाई निहुं बनाएर उत्तर कोरियाको अस्तित्वलाई नै समाप्त गरिदिने अमेरिकी साम्राज्यवादको धम्कीको यो राष्ट्रिय सम्मेलन घोर भर्त्सना गर्दछ ।

९. संविधानसभाको निर्वाचनमा आफ्ना दलालहरूको पक्षमा परिणाम नआएको विषयलाई बहाना बनाएर ल्याटिन अमेरिकी देश भेनेज्वेलामाथि अमेरिकी साम्राज्यवादले दिएको सैन्य आक्रमण गर्ने धम्कीको यो राष्ट्रिय सम्मेलन घोर भर्त्सना गर्दछ र भेनेज्वेलाका जनताले अमेरिकी साम्राज्यवादका विरुद्ध चलाएको न्यायपूर्ण संघर्ष प्रति हाम्रो पार्टी ऐक्यवद्धता व्यक्त गर्दछ ।

१०. विश्वमा आणविक हतियार बनाउने र तिनको परीक्षण गर्ने होडवाजी नै चलेको छ । साना र कमजोर मुलुकहरूलाई आणविक हतियार निर्माण नगर्न दवाव दिने तर साम्राज्यवादी मूलुकहरूले उक्त हतियार थुपारी राख्ने कामलाई हाम्रो यो राष्ट्रिय सम्मेलन घोर विरोध गर्दछ । विश्व आणविक हतियारविहिन हुनु पर्दछ र आणविक निरश्त्रीकरणको प्रक्रिया हजारौंको संख्यामा आणविक हतियार थुपार्ने रुस तथा अमेरिका लगायतका शक्ति राष्ट्रहरूबाट सुरुहुनु पर्दछ भन्ने यो राष्ट्रिय सम्मेलन जोडदार माग गर्दछ ।

११. पार्टीको यस राष्ट्रिय सम्मेलनले विश्वभरका उत्पीडित राष्ट्र तथा जनताको आत्मनिर्णको अधिकारलाई सम्मान गर्दछ र उनीहरूको स्वाधिनताको आन्दोलन प्रति समर्थन एवं ऐक्यवद्धता जाहेर गर्दछ ।

## क्रान्तिकारी...

मार्क्सवादमा नयाँ चीज खोज्ने नाममा र सत्ता साझेदारीका नाममा उनी कहाँ कहाँ पुग्ने हुन् अहिले् नै भन्न कठिन छ । क्रान्तिकारीहरू माओवादीहरूका लागि यो (माके, एमाले र अन्य वामघटकहरूबीचको) ध्रुविकरण नेपालमा सर्वहारा क्रान्तिको भविश्यका लागि स्वागतयोग्य छ तै पनि वर्गसंघर्षका हिसावले क्रान्तिकारीहरू माओवादीहरूका लागि यो गठबन्धन ज्यादै पेचिलो बन्नको गएको छ ।

यहि जटील तथा चुनौतीपूर्ण परिस्थितिमा वामपन्थीको नाममा भ्रम दिन सफल यी सबैलाई चुनौती दिंदै यहि असोज २२ गतेदेखि २६सम्म नेपालको सुन्दर नगरी पोखरामा नेकपा(क्रान्तिकारी माओवादी)को राष्ट्रिय सम्मेलन सानदार रूपले सफल भएको छ । अब नेपालमा मालेमावादी सिद्धान्त, विचार र संगठनका दृष्टिले यो मात्रै एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टी रहन गएको छ । क्रान्तिकारी पार्टी रहनका लागि उक्त पार्टी संगठनहरूमा क्रान्तिकारीहरू टिक्न र अटाउन सक्ने लेनिनको शब्दमा रमाउन सक्ने वातावरण विकास गर्न पर्दछ । जुन पार्टीमा अवसरवादीहरू रमाउने अवस्था हुन्छ, त्यसको भविश्य भनेको दक्षिणपन्थी विसर्जनवाद नै हो । अहिले प्रचण्डको माओवादी केन्द्रमा अवसरवादीहरू रमाउने अवस्था थियो र एमालेवारे पनि सत्य हो । । यद्धपि उक्त पार्टीहरूमा खासगरी माओवादी केन्द्रमा अझै पनि क्रान्तिकारीहरू खुम्चेर बसेको अवस्था थियो । त्यसैले अब ती क्रान्तिकारीहरूका लागि अवसर र चुनौती थपिएको छ - एमालेका परिपक्व अवसरवादीहरूसित रमाउने कि क्रान्तिकारीहरूसित रमाउन माओवादी आन्दोलनको ध्रुविकरणमा सक्रिय बन्ने । संसदीय व्यवस्थालाई सदाको लागि अंकमाल गर्दै व्यक्तिगत लाभ हानी, पद र पैसाको भण्डारणमा रमाउने कि विगतको कष्टकर मार्ग -क्रान्तिको मार्गतर्फ एकत्रित बन्ने अहम् प्रश्न खडा भएको छ । माओवादी केन्द्र(माके)भित्रका माओवादीहरूका लागि एउटा अहम् सवाल खडा भएको छ - प्रचण्ड-बाबुरामसितै एमालेमा प्रवेश गरेर अनुभवी संसदवादी अवसरवादीहरूसित रमाउने कि त्यसमा विद्रोह गरी क्रान्तिकारीसित हातेमाले गर्दै नेपालको सर्वहारावादी क्रान्तिलाई अगाडि बढाउने ?

प्रचण्ड-बाबुराम अब माओवादी रहेनन् र विप्लवको नेतृत्वको पार्टी पनि मार्क्सवादमा नयाँ विचारको विकासको नाममा चे, फोको र बब् एभ्याकियन पथमा अग्रसर देखिएको छ । त्यसैले अहिलेको क्रान्तिकारी माओवादी पार्टीको जिम्मेवारी भनेको बिचार रक्षाको प्रश्नले नै अहम् महत्व राख्दछ । यसका लागि आन्तरिक रूपमा वैचारिक संघर्ष र बाह्य रूपमा वर्गसंघर्ष सारमा वर्गसंघर्षको तीव्रता नै हो । विचारको रक्षा हो भन्ने मूल मन्त्रलाई आत्म सात गर्न आवश्यक छ । वर्गसंघर्ष विना विचारको रक्षा सम्भव छैन् । दलाल पुँजीपति, दलाल नोकरशाहाका विरुद्धको लडाई क्रान्तिकारी माओवादी पार्टीको केन्द्र विन्दु हो भने सामन्तवादका वांकी अवशेषहरूका विरुद्धको संघर्ष पनि अहिलेको उत्तिकै आबश्यक्ता हो । बरु सामन्तवादका वांकी अवशेषहरू के के छन् ? त्यसवारे एउटा निर्दिष्ट खाकाको विकास आवश्यक छ । अनिमात्रै पार्टीले क्रान्तिको केन्द्र पहिचान गर्न सक्छ । दलाल पुँजीपति, दलाल नोकरशाहा विगतमा भन्दा झन संगठित र बलिया बनेका छन् । नेपालमा राष्ट्रिय पुँजीपति वर्गको अभाव देखिएको छ । राजनीति, अर्थ, समाज र सांस्कृतिका हरेक पक्षमा दलालीकरण अहिले मूल ट्रेड भएको छ र सर्वहारावर्गीय क्रान्ति नै अहिलेको लागि पनि आवश्यक र सम्भव दुवै छ । त्यसैले क्रान्तिकारी माओवादी पार्टीको राष्ट्रिय सम्मेलनका अगाडि निम्न अहम् सवालहरू छन्, जसको माओवादी सिद्धान्त र कार्यदिशाका आधारबाट खोज्नै पर्दछ । ती हुन्ः प्रथम पार्टी,मोर्चा र जवस नेतृत्वमा आमुल परिवर्तनको आवश्यकता र जरुरतलाई सम्वोधन गर्नु, दोस्रो क्रान्तिकारी युवादस्ताको निर्माण तत्कालको विषयका रूपमा समाधान खोज्नु र तेस्रो देशभक्त जनगणतान्त्रिक मोर्चालाई क्रान्तिको तीन जादुगरी हतियारमध्ये एक हतियारको सहयोगी मोर्चाको रूपमा विकास गर्दै जनताको बीचमा स्थापित गर्ने कार्यनीतिको विकास गर्नु ।

यिनै कुराहरूलाई मध्यनजर गरेर क्रान्तिकारी माओवादीले आफ्नो प्रथम राष्ट्रिय सम्मेलनको उद्देश्यलाई यसरी किटान गरेको थियो । जसमा भनिएको छ–"साम्राज्यवाद, विस्तारवाद र सामन्तवादका विरुद्ध नयाँ जनवादी क्रान्तिको तयारी गरौं । दक्षिणपन्थी संशोधनवादको भण्डाफोर गर्दै नयाँ एकतावद्ध र क्रान्तिकारी पार्टी निर्माण गर्न ऐतिहासिक राष्ट्रिय सम्मेलन सफल पारौं ।"

दक्षिणपन्थी संशोधनवादीहरू अहिले वाम एक ठामको नाममा एकिकृत र जनताको नजरमा बलिया देखिएका छन् । त्यसको नकारात्मक असर क्रान्तिकारी कम्युनिष्टहरू माथि बलियो गरी आउने छ । पार्टी समर्थक जनता र नेता तथा कार्यकर्ताको रक्षाका लागि प्रथम क्रान्तिकारी युवादस्ताको निर्माण आवश्यकता बनेको छ भने संसदवादीहरूको केन्द्र माके र एमाले भएझै नेपालका क्रान्तिकारीहरूलाई पनि एकतावद्ध गर्ने महान अभियानमा पार्टी गम्भीर बनेर त्यसका लागि क्रान्तिकारीहरू बीच एकता र ध्रुविकरणको आव्हान गरेको मात्रै छैन्, इतिहासमै अबको क्रान्तिकारी नेतृत्व कस्तो हूने भनेर निम्न पांचवटा महत्वपूर्ण क्राइटेरियाहरू-प्रथम पूर्णकालिन हुनै पर्ने, दोस्रो नेपाली कम्युनिष्ट आन्दोलनमा क्रान्ति र आन्दोलनमा कम्तीमा दशवर्षको निरन्तरता भएको, तेस्रो पार्टीले खटाएको ठाउँमा जाने, चौथो वैचारिक, राजनीतिक र सांगठनिक प्रष्टता भएको, पांचौ साम्राज्यवाद तथा विस्तारवादको आर्थिक भौतिक सहयोगमा सञ्चालित एनजीओ तथा आइएनजीओमा काम गरिरहेको हुन नहुने । तर तत्कालमा यदि कोही यो क्राइटेरियामा खरो उत्रिएको नदेखिएमा आगामी ६ महिनाभित्र यी सबै क्राइटेरियाहरूलाई पुरा गरेको हुने प्रतिवद्धता सहीत नयाँ नेतृत्व निर्वाचित गरिएको छ । साथै केन्द्रीय समिति दुई अंक नबढाई जसमा एक चौथाई वैकल्पीक सदस्य जसमा उत्पीडित जाति, वर्ग, लिंग, मधेसी, थारु, मुश्लीम, उत्पीडित क्षेत्रआदिको प्रतिनिधित्व गर्ने युवाहर रहने र त्यसबाट भविश्यमा अझ बढता युवा क्रान्तिकारीहरू पार्टी नेतृत्वमा जाने एउटा दिशा निर्देश पनि गरेको छ ।

'युद्धबाट युद्ध सिक्ने' माओको दृघकालिन सैनिक रणनीतिलाई आत्मसाथ गर्दै सर्वहारावर्गको रक्षाका लागि आफ्नै सेना आवश्यक छ भन्ने महान अवधारणालाई सम्मेलनले आत्मसाथ गरेको छ । वर्तमान प्रतिक्रियावादी संसदीय नीर्वाचनलाई उपयोग गर्ने र बहिष्कार गर्ने सम्वन्धमा सम्मलेनमा उपयोग र बहिष्कारमा उठेका सबै मान्यताहरू र तर्कहरूलाई ठिक छन् भन्दै बहिष्कारको मान्यता राख्ने कमरेडहरूका मान्यतालाई पार्टीको सम्पत्तिका रूपमा राख्दै तत्कालका लागि ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा अहिले यो नीर्वाचनलाई कार्यनीतिक रूपले जनताको बीचमा गएर उपयोगको कार्यक्रमलिएर समग्र संसदीय व्यवस्थाको भण्डाफोर गर्ने निर्णय सम्मेलनले गरेको छ । नीर्वाचन उपयोगका दौरानमा नेकपा नामका दुई पार्टीहरू- विप्लव महासचिव रहेको नेकपा र कट्टेल अध्यक्ष रहेको नेकपा , मोहनविक्रम नेतृत्वको मसाल र रोहित नेतृत्वको मजदुर किसान पार्टीलाई एउटा मित्र पार्टीका रूपमा व्यवहार गर्ने निर्णय पनि गरेको छ । त्यसवाहेक विगतमा राष्ट्रियता तथा जनताका जनजीवीकाको आन्दोलनका लागि गठित ३३ दलीय मोर्चाभित्रका समूहहरूलाई पनि समेटेर लैजाने निर्णय पनि सम्मेलनले गरेको छ । यसरी प्रतिक्रियवादीहरूका ठूला दुई गठवन्धन-कांग्रेसको वरीपरीको तथाकथित लोकतान्त्रिक गठवन्धन र एमालेको वरीपरी रहेको माके लगायतको तथाकथित वामपन्थी गठवन्धनका विरुद्ध नेपालका उत्पीडित वर्ग, समूदाय तथा क्षेत्रका जनताको मूक्तिका लागि गठित अर्को क्रान्तिकारी तथा देशभक्त तथा वामपन्थीहरूको गठवन्धको आवश्यकता तर्फ सम्मेलनले संकेत गरेको छ । यसरी समग्रमा क्रान्तिकारी सिद्धान्त विचार, राजनीति तथा संगठनका हिसाव, अन्तरसंघर्षलाई लेनिनवनदी संगठनात्मक हिसावले हल गर्ने सम्बन्धमा यो सम्मेलन नेपाली क्रान्तिको रक्षा र विकसतर्फको एउटा कोशे ढुङ्गा सावित भएको छ । यसलाई कार्यान्वयनमा प्रभावकारी रूपले अगाडि बढाउन क.मोहवैद्य किरणको नेतृत्वमा गठित नयाँ केन्दीय समिति सफल हुने छ भन्ने आशा तथा विश्वास अहिले यो सम्मेलनले मूर्तिकरण गरेको छ ।

यद्धपि अहिले जनताको नजरमा प्रतिक्रियवादीहरूका ठूला दुई गठवन्धन-कांग्रेसको वरीपरीको तथाकथित लोकतान्त्रिक गठवन्धन र एमालेको वरीपरी रहेको माके लगायतको तथाकथित वामपन्थी गठवन्धन भनेका नेपालको सन्दर्भमा माओले भनेझै दृघकालिन तथा रणनीतिक रूपमा ती सबै प्रतिक्रियावादीहरू तथा साम्राज्यवादीहरूका दलाल हुन, त्यसैले ती केबल कागजी बाघ हुन् । यद्धपि तत्कालका लागि(यो नीर्वाचनका लागि) ती सबै प्रतिक्रियावादीहरू साचै बाघजस्ता भएर आएका छन् र हामीले पनि तत्कालमै तीनको सामना गर्ने हैसियतको पार्टी, मोर्चा र जवस निर्माण गर्न आवश्यक छ । यो काममा सम्मेलन अगाडि बढेको छ । नामबाट र काम दुवैबाट माओवाद हटाउने चिन्तन र प्रवृतिका विरुद्ध दृडतापूर्वका संघर्ष गर्दै माओवादको झण्डालाई अझ उचाइमा उठाउन यो सम्मेलन सफल भएको छ ।

*hukumsingh@yahoo.com*







प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।